# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष ५७ २०८१ साउन-भदौ अङ्क १


## त्रिभुवन विश्वविद्यालय सभाको वार्षिक दिवस बैठक सम्पन्न

त्रिभुवन विश्वविद्यालय सभाको वार्षिक दिवस बैठक ६२ औं ग्रेसलिस्ट र आर्थिक वर्ष २०८१-०८२ को बजेट पारित गरी सम्पन्न भएको छ ।



*त्रिवि सभा बैठकको अध्यक्षता गर्दै प्रधानमन्त्री तथा कुलपति के.पी. शर्मा ओली, साथमा त्रिविका पदाधिकारीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति के.पी. शर्मा ओलीको अध्यक्षतामा साउन १५ गते बसेको बैठकले आव २०८१-०८२ का लागि २६ अर्ब १६ करोड ८७ लाख ३५ हजार रूपैयाँको बजेट र २०८० असार १ देखि २०८१ जेठ मसान्तसम्म तोकिएका सम्पूर्ण आवश्यकता पूरा गरी ट्रान्सक्रिप्ट लिएका स्नातक, स्नातकोत्तर, पिजिडिएस, एमफिल र विद्यावारिधि तहका ७३ हजार ९९५ विद्यार्थी समावेश ६२ औं ग्रेसलिस्ट पारित गरेको हो । ग्रेसलिस्टमा व्यवस्थापन सङ्कायका ३० हजार ९३६, शिक्षाशास्त्र सङ्कायका ११ हजार ३१७, मानविकी तथा सामाजिक शास्त्र सङ्कायका १३ हजार ६२३, कानून सङ्कायका ३०८६, विज्ञान तथा प्रविधि अध्ययन संस्थानका ७०११, इञ्जिनियरिङ अध्ययन संस्थानका ५२८१, चिकित्साशास्त्र अध्ययन संस्थानका १७८९, कृषि र पशु विज्ञान अध्ययन संस्थानका ६४८ र वनविज्ञान अध्ययन संस्थानका ३०४ विद्यार्थी छन् ।

सभामा कुलपति ओलीले ६२ औं ग्रेसलिस्टमा सहभागी विद्यार्थीलाई बधाइ तथा शुभकामना व्यक्त गर्नुभयो । शिक्षा विज्ञान तथा प्रविधिमन्त्री एवम् त्रिविका

सहकुलपति विद्या भट्टराईले त्रिभुवन विश्वविद्यालय राष्ट्र निर्माणका लागि आवश्यक प्रशासनिक र प्राविधिक जनशक्ति उत्पादन गर्न सफल भएको स्पष्ट गर्दै विगतमा निकै सक्रिय यसका अनुसन्धान केन्द्रहरूलाई नेपाल सरकारको थिंक ट्याङ्कको रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउनु भयो । राष्ट्रकै चुनौती बनेको प्रतिभा पलायन रोक्न त्रिविले व्यवस्थित शैक्षिक क्यालेण्डर लागू गर्नुपर्ने उहाँको धारणा थियो ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले स्वागत मन्तव्य व्यक्त गर्दै त्रिभुवन विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न आफूहरू प्रयत्नशील रहेको बताउनु भयो । शिक्षाध्यक्ष तथा त्रिवि सभाका सदस्य-सचिव प्रा.डा. खड्ग के.सी.ले सञ्चालन गर्नुभएको सभामा रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजालले आव २०८१-०८२ को बजेट पेश गर्नुभएको थियो ।

सभामा त्रिवि सभाका सभासद प्रा.डा. बसन्त ढकाल, कमलराज सापकोटा, शिव नारायण यादव, कल्पना लुइटेल, छत्रबहादुर कार्की, श्यामराज ओझा, विराज अर्याल, विष्णु ढुङ्गेल, शिवराज सञ्जेल, अभिमन्यु झा, दिलानन्द जोशी, शत्रुघ्न प्रसाद गुप्ता लगायत्ले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# सिनासद्वारा पूर्व राष्ट्रपतिको सार्वजनिक सम्बोधन सङ्ग्रह प्रकाशन

त्रिभुवन विश्वविद्यालय, नेपाल र दक्षिण एसियाली अनुसन्धान केन्द्र (सिनास) को ५३ औं वार्षिक दिवसको अवसरमा साउन ९ गते पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीका सार्वजनिक सम्बोधनहरूको सङ्ग्रह प्रकाशित भएको छ ।

पूर्व राष्ट्रपति भण्डारीले विभिन्न सार्वजनिक कार्यक्रममा गर्नुभएको सम्बोधन सङ्ग्रहको विमोचन त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बराल, काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापा, नेपाल खुला विश्वविद्यालयका उपकुलपति प्रा.डा. शिलु मानन्धर र त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. घनश्याम भट्टराईले संयुक्त रूपमा गर्नुभएको थियो । उक्त अवसरमा पूर्व राष्ट्रपतिले सिनासले प्रारम्भ गरेको मौलिक अनुसन्धान र विमर्श 'हिमवत सम्वाद'को उद्घाटन समेत् गर्नुभएको थियो ।

वार्षिक दिवसका अवसरमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै पूर्व राष्ट्रपति भण्डारीले मुलुककै प्रतिष्ठित एवम् लामो इतिहास बोकेको अनुसन्धान केन्द्र सिनासले आफ्ना सार्वजनिक सम्बोधनहरूको सङ्ग्रह प्रकाशित गरेकोमा धन्यवाद दिनुभयो । "नेपालको ठूलो र जेठो विश्वविद्यालयका नाताले उच्चशिक्षाको अधिकतम दायित्व निर्वाह गरिरहेको त्रिभुवन विश्वविद्यालयका सामु देशका लागि आवश्यक दक्ष जनशक्ति निर्माण गर्नुपर्ने जिम्मेवारी छ भने सरकार समक्ष पनि उचित र पर्याप्त स्रोतसाधन उपलब्ध गराएर त्रिविलाई आफ्नो जिम्मेवारी पूरा गर्न प्रभावकारी ढङ्गले कार्य गर्न सक्षम बनाउनु पर्ने दायित्व छ", उहाँले भन्नुभयो, "यसै परिप्रेक्षमा मुलुकको दीर्घकालीन विकासको महत्वपूर्ण आधारस्तम्भ मानिने देशको उच्चशिक्षालाई अनुसन्धानमूलक बनाउनु र सिनास लगायत् त्रिविका चार अनुसन्धान केन्द्रको गौरवशाली इतिहासलाई जगाउनु आवश्यक छ ।"

कार्यक्रममा त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले सिनासका सामु मुलुकका कला, सँस्कृति, समाज, राजनीति लगायत् प्रशस्त क्षेत्रमा राम्रो अनुसन्धान गरेर आफ्नो संस्थागत आत्मनिर्भरता बढाउने अवसर भएको चर्चा गर्नुभयो । पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीसँग विद्यार्थीकालका क्रियाकलापहरूको स्मरण गर्दै उहाँले भन्नुभयो, "त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरू राष्ट्रका उच्चतम पदमा हुँदा शिक्षकहरूलाई बढी आत्मसन्तुष्टि मिल्दछ । मुलुकको विकासका लागि आवश्यक जनशक्ति निर्माण गर्ने महत्वपूर्ण केन्द्र त्रिविको समग्र विकासका लागि प्राज्ञिक तथा प्रशासनिक स्वायत्तता कार्यान्वयन गर्न राजनीतिक पहलकदमी लिइदिनुहुन पूर्व राष्ट्रपति भण्डारीलाई मेरो विशेष आग्रह छ ।"

काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाले पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीका सार्वजनिक सम्बोधनहरूमा शिक्षा र उच्चशिक्षाले महत्वपूर्ण प्राथमिकता प्राप्त गरेको उल्लेख गर्दै भन्नुभयो, "पूर्व राष्ट्रपतिले विभिन्न समयमा सार्वजनिक सम्बोधनमा उठाउनु भएका कुराहरूको कार्यान्वयन र प्रभावकारिताबारे उच्चशिक्षा प्रदायक निकायहरूले अनुसन्धान गर्नुपर्दछ ।"

नेपाल खुला विश्वविद्यालयका उपकुलपति प्रा.डा. शिलु मानन्धरले भन्नुभयो, "मुलुकको एक सचेत महिला नेताले दुई कार्यकालसम्म देशको सर्वोच्च पदमा रहेर कुशलतापूर्वक अभिभावकीय जिम्मेवारी पूरा गर्नुभएकोमा सबै महिलाहरूको इज्जत र प्रतिष्ठा बढेको छ । उहाँका सार्वजनिक सम्बोधन र

व्यक्तित्व आगामी पुस्ताका लागि समेत् अनुकरणीय पाठ हुनेछन् ।"

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्रा.डा. घनश्याम भट्टराईले पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीका सार्वजनिक सम्बोधनहरूको प्रस्तुत सङ्ग्रह सार्वजनिक सम्बोधनहरूको सङ्ग्रहमा राष्ट्रिय सुरक्षा, अन्तरराष्ट्रिय सम्बन्ध लगायत्का बहुआयामिक विषयहरू समावेश छन् । बिमस्टेक लगायत्का सङ्गठनमा गरिएका सम्बोधनहरूले कुटनीति एवम् राष्ट्रिय सुरक्षाका क्षेत्रमा महत्वपूर्ण अर्थ विभागका प्रा.डा. युवराज लुइटेलले समाजशास्त्रीय दृष्टिकोणबाट र द्वन्द्व शान्ति र विकास अध्ययन विभागका संयोजक डा. पिताम्बर भण्डारीले द्वन्द्व र शान्तिको दृष्टिकोणबाट पूर्व राष्ट्रपतिका सार्वजनिक सम्बोधनहरूको




*नेपाल र दक्षिण एसियाली अनुसन्धान केन्द्र (सिनास)को वार्षिकोत्सवका अवसरमा आयोजित हिमवत सम्वादमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीका साथ अन्य सहभागीहरू ।* *तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

ऐतिहासिक दस्तावेज भएको र सार्वजनिक सम्बोधनमा उल्लेख गरिएका विषय र क्षेत्रले समाज, राजनीति, धर्म, सँस्कृति लगायत् विविध पक्षलाई प्रतिविम्बित गरेकाले यसलाई राष्ट्रिय अभिलेखको रूपमा ग्रहण गर्नुपर्नेमा जोड दिनुभयो ।

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी.ले त्रिभुवन विश्वविद्यालयका अनुसन्धान केन्द्रहरूको ऐतिहासिक गौरव फिर्ता गराउन ठोस प्रयासहरू गर्ने प्रतिबद्धता व्यक्त गर्दै भन्नुभयो, "पूर्व राष्ट्रपति विद्यादेवी भणडारीका राख्दछन् ।"

त्रिविका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले पूर्व राष्ट्रपति भण्डारीका सार्वजनिक सम्बोधनमा वातावरण र दिगो विकासका विषयले प्राथमिकता पाएको चर्चा गर्दै भन्नुभयो, "वातावरण र जलवायु परिर्वतनका सन्दर्भमा पोल्याण्डको वार्सामा भएको सम्बोधन अत्यन्तै महत्वपूर्ण छ । त्यसमा विकासका नाममा भएको वातावरणीय विनाशका विषयमा गहिरो चिन्तन अभिव्यक्त भएको थियो ।"

कार्यक्रममा समाजशास्त्र केन्द्रीय विश्लेषण गर्नुभएको थियो । सामाजिक कार्य विषयका विद्यार्थी पुकार चौधरीले पूर्व राष्ट्रपतिले आफ्ना सम्बोधनहरूमा तीज, गौरा र जितियाजस्ता मौलिक र स्थानीय साँस्कृतिक पर्वहरूलाई राष्ट्रिय पर्वको हैसियत दिनुभएको विषयमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल र दक्षिण एसियाली अनुसन्धान केन्द्र (सिनास)का कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्कीले कार्यक्रमको महत्वबारे प्रकाश पार्नुभएको थियो ।

# विज्ञान शिक्षकहरूको क्षमता अभिवृद्धि तालीम

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालयले विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि सम्बन्धी एकहप्ते आवासीय तालीमको पाँचौं श्रृङ्खला सम्पन्न गरेको छ । शिक्षकहरूको क्षमता अभिवृद्धि सहयोगमा सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रमलाई समयमै कार्यान्वयन गर्न विज्ञान तथा प्रविधि अध्ययन संस्थानले देखाएको क्रियाशिलताको प्रंशसा गर्नुभयो । "त्रिभुवन विश्वविद्यालयमा वैज्ञानिक अनुसन्धान र लेखनमा विज्ञान तथा प्रविधि अध्ययन संस्थानले अनुकरणीय नेतृत्व गरिरहेको, विषयको अध्ययन-अध्यापनमा विश्वास लिएको छु । साथै सबै युवा वैज्ञानिक र शिक्षकहरूलाई आ-आफ्ना प्रकाशित वैज्ञानिक लेख, अनुसन्धान र जर्नल त्रिवि शिक्षाध्यक्षको कार्यालयमा प्रेषित गर्न अनुरोध समेत् गर्दछु ।"

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. विनिल अर्यालले एकहप्ताको




*विज्ञान तथा प्रविधि अध्ययन संस्थानद्वारा आयोजित क्षमता अभिवृद्धि तालीमका सहभागीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

कार्यक्रम अन्तर्गत साउन २४ देखि ३० सम्म काठमाडौंको नागढुङ्गास्थित पातलेवन रिसोर्टमा आयोजित तालीममा विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत विभिन्न केन्द्रीय विभाग र निकायका ३० शिक्षकको सहभागिता थियो ।

तालीमको समापन सत्रलाई सम्बोधन गर्दै त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी.ले विश्व बैङ्कको अनुदान र विश्वविद्यालय अनुदान आयोगको आर्थिक विश्वविद्यालयले गर्व गर्न लायक युवा वैज्ञानिकहरूलाई समावेश गरेको तथा विश्वस्तरीय अनुसन्धानमूलक गतिविधि र अन्तरराष्ट्रिय सम्मेलन तथा गोष्ठीहरूमा सहभागिता एवम् सक्रियता बढाएको छ", उहाँले भन्नुभयो, "यसैगरी अध्ययन संस्थानले संस्थानबाट प्रकाशित जर्नलको स्तरोन्नति गर्ने र त्यसको अन्तरराष्ट्रिय पहिचान स्थापना गर्न आवश्यक सहयोग गर्ने काममा पनि सक्रियता बढाउनेछ भन्ने आवासीय तालीममा सुनेका, ग्रहण गरेका, सुनाएका र प्रतिबद्धता व्यक्त गरेका विषयहरूलाई प्राथमिकतामा राखेर यथाशीघ्र कार्यान्वयन गर्न अनुरोध गर्नुभयो । कक्षाकोठालाई थप उत्साहित, नवप्रबर्तनात्मक, रचनात्मक र उद्देश्यमुखी बनाउन शिक्षकहरूले अन्तरक्रियात्मक पक्षलाई विशेष ध्यान दिनुपर्ने र आर्जित ज्ञानलाई समयअनुसार अद्यावधिक गर्न निरन्तर सिकिरहने क्षमताको विस्तार

गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभएको थियो ।

प्राणीशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. कुमार सापकोटाले तालीममा सहभागी शिक्षकहरूले निकै मेहनत गरेको, उत्कृष्ट इच्छाशक्ति प्रदर्शन गरेको, केन्द्रीय विभागमा कार्यरत शिक्षकहरूमा आपसी आत्मियता बढेको र कक्षाकोठालाई बहुआयामिक बनाउने विषयलाई गम्भिरतापूर्वक लिएको बताउनु भयो । सहभागी शिक्षकहरूमध्येबाट प्राणीशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक डा. इन्द्र सुवेदी, माइक्रोबायोलोजी केन्द्रीय विभागका उपप्राध्यापक डा. मनिता अर्याल र वातावरण विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक डा. रमेश प्रसाद सापकोटाले तालीमले सिकाइका विभिन्न पक्षलाई उजागर गरेको, धेरै महत्वका विषयहरूमा सिक्न पाएको र कक्षाकोठा व्यवस्थापनदेखि उत्तरपुस्तिका परीक्षणजस्ता विषयमा उपयोगी सीप हासील गर्ने अवसर प्राप्त भएको धारणा व्यक्त गर्नुभयो ।

तालीममा वनस्पतीशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. संगिता राजभण्डारी, प्राणीशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. कुमार सापकोटा, भौतिकशास्त्र केन्द्रीय विभागका प्रा.डा. नारायण प्रसाद अधिकारी लगायत्का शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थानले विश्वविद्यालय अनुदान आयोगको सहयोगमा सञ्चालन गरे को आवासीय तालीम अन्तर्गत यस अधि पहिलो श्रृङ्खला धनकुटाको भेडेटार, दोस्रो मकवानपुरको हेटौंडा, तेस्रो रूपन्देहीको मणिग्राम र चौथो काठमाडौंको जरसिङपौवा र पातलेवन रिर्सोटमा गरी पाँच वटा तालीम सम्पन्न गरेको थियो ।

# रिकास्टको ४७ औं वार्षिक दिवस सम्पन्न

त्रिभुवन विश्वविद्यालय, व्यावहारिक विज्ञान तथा अनुसन्धान केन्द्र (रिकास्ट)को ४७ औं वार्षिक दिवस समारोह विशेष कार्यक्रम गरी मनाइएको छ ।

भदौ २३ गते आयोजित वार्षिक दिवस कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालय सेवा आयोगका सदस्य प्रा.डा. अजय भट्टराईले त्रिवि सेवा आयोगले पदपूर्ति र बढुवा लगायत्का कार्यलाई तीब्र बनाएको बताउनु भयो । "अनुसन्धानमुलुक निर्माणको मेरूदण्ड भएकोले रिकास्ट जस्ता महत्वपूर्ण अनुसन्धान केन्द्रहरूले गर्ने अनुसन्धानलाई राज्यले उचित स्थान दिन सक्नुपर्दछ", उहाँको धारणा थियो ।

कार्यक्रममा व्यावहारिक विज्ञान तथा अनुसन्धान केन्द्र (रिकास्ट)का कार्यकारी निर्देशक प्रा.डा. रामनाथ प्रसाद यादवले




*व्यावहारिक विज्ञान तथा अनुसन्धान केन्द्र (रिकास्ट)को ४७ औं वार्षिक दिवस कार्यक्रमका सहभागीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

त्रिविका अनुसन्धान केन्द्रहरूले आफ्नो गौरवशाली इतिहास कायम राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँका अनुसार, आवश्यक शिक्षक र कर्मचारीको अभावका कारण अनुसन्धान केन्द्रहरू अपेक्षित रूपमा क्रियाशील र सक्षम हुन सकेका छैनन् । रिकास्टकै पूर्व कार्यकारी निर्देशक प्रा.डा. रामप्रसाद चौधरीले त्रिभुवन विश्वविद्यालयले सन् २०११ मा बनेको रणनीतिक योजना अनुरूप काम शुरू गर्न नसकेको, प्रशासनिक कार्यहरूमा एकरूपता नभएको, शिक्षक तथा कर्मचारीहरूको उचित कार्यसम्पादन हुन नसकेको जस्ता केन्द्रका कमजोरीहरूमाथि प्रकाश पार्नुभएको थियो ।

वार्षिक दिवसका अवसरमा रिकास्टले सेवानिवृत्त शिक्षक तथा कर्मचारीहरूलाई सम्मान समेत् गरेको थियो ।

# नेपाल प्राध्यापक संघको ६२ औं वार्षिक दिवस

नेपाल प्राध्यापक संघको ६२ औं वार्षिक दिवस सम्पन्न भएको छ ।

प्राध्यापकहरूको छाता सङ्गठन नेपाल प्राध्यापक संघको वार्षिक दिवस साउन २८ गते त्रिचन्द्र क्याम्पसस्थित सरस्वती सदनमा झण्डोत्तोलन एवम् शुभकामना आदान-प्रदानको कार्यक्रम तथा प्राध्यापक अतिथि गृह कीर्तिपुरमा पूर्व अध्यक्ष प्रा. बी.सी. मल्ललगायत् अन्य दिवङ्गत पूर्व अध्यक्षहरूप्रति श्रद्धासुमन व्यक्त गर्न श्रद्धाञ्जली सभा आयोजना गरेर मनाइएको थियो ।

कार्यक्रमका विशिष्ट अतिथि त्रिविका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले प्राध्यापकहरूको गरिमा बढाउँदै विश्वविद्यालयमा प्राज्ञिक एवम् प्रशासनिक क्षेत्रमा अमूल्य योगदान दिने नेपाल प्राध्यापक संघका दिवङ्गत पूर्व अध्यक्षहरूलाई सम्मानका साथ स्मरण गर्नुभयो । "प्राध्यापकले ज्ञानको उत्पादन गरेर समाजका लागि विशिष्ट योगदान दिएर उत्कृष्ट समाज निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरी देशको आर्थिक, सामाजिक एवम् वैज्ञानिक विकास लगायत्का विषयमा गहिरो चिन्तन गर्नुपर्दछ", उहाँले भन्नुभयो, "हामी विश्वविद्यालयका प्राध्यापक, कर्मचारी, विद्यार्थी र अभिभावकका आलोचनात्मक सुझाव, चिन्ता र चासोलाई सकारात्मक रूपमा ग्रहण गरी हरेक निर्णयलाई दीगो, चिरस्थायी र प्रभावकारी बनाउने काममा लागेका छौं । सरकारसँगको सम्बन्ध थप सुमधर भएको छ । सरकारले त्रिविका नीति तथा कार्यक्रममा पूर्ण समर्थन जनाई कार्यान्वयन समेत् गर्न थालिसकेको छ ।"




*नेपाल प्राध्यापक संघको ६२ औं वार्षिक दिवस कार्यक्रममा सम्बोधन गर्दै त्रिविका रजिष्टार प्रा.डा केदार प्रसाद रिजाल ।*

*तस्वीर : सूचना तथा जनसम्पर्क महाशाखा*

कार्यक्रममा नेपाल प्राध्यापक संघका

पूर्व अध्यक्ष प्रा. कपिल श्रेष्ठले नेपाल प्राध्यापक संघका पूर्व अध्यक्षहरूको व्यक्तित्व र योगदानको चर्चा गर्दै समाज निर्माणमा प्राध्यापकहरू विभक्त नभई थप सशक्त हुनुपर्ने विचार व्यक्त गर्नुभयो । संघका अर्का पूर्व अध्यक्ष प्रा. रामेश्वर उपाध्यायले प्राध्यापकहरूमा आलोचनात्मक चेतनाको कमी हुँदै गइरहेको, व्यक्तिवादी सोच हावी भई सामाजिक प्रतिष्ठामा कमी आएको, राजनीतिक दलको पृष्ठपोषणमा लागेर प्राज्ञिक उन्नयनमा योगदान गर्न नसकेको यथार्थ औंल्याउनु भयो ।

नेपाल प्राध्यापक संघका अध्यक्ष प्रा.डा. रमेशकुमार जोशीले विचार र आस्थाका आधारमा प्राध्यापकहरूलाई विभाजन नगरी विश्वविद्यालयको समग्र उन्नयनमा केन्द्रित हुन विश्वविद्यालयका सबै पदाधिकारीहरूलाई अनुरोध गर्दै भन्नुभयो, "मुलुकको समृद्धिका लागि प्राध्यापकहरू थप अनुसन्धानमूलक र तथ्यपरक हुनुपर्दछ ।"

कार्यक्रममा प्रजातन्त्रवादी प्राध्यापक संघका सचिव विष्णु पोखरेल, प्रगतिशील प्राध्यापक संघका महासचिव पदम प्रसाद खतिवडा, राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. बालमुकुन्द रेग्मी, एकीकृत प्रगतिशील प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. गोविन्द सुवेदी, समाजवादी प्राध्यापक संघका अध्यक्ष पवन कुमार झा, लोकतान्त्रिक प्राध्यापक संघका उपाध्यक्ष राजेश जैसवाल, नेपाल सँस्कृत विश्वविद्यालय प्राध्यापक संघका सभापति प्रा. मुकुन्द लामिछाने र त्रिभुवन विश्वविद्यालय कर्मचारी संघका अध्यक्ष छत्रबहादुर कार्कीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो भने नेपाल प्राध्यापक संघका महासचिव नरेन्द्र सिवाकोटीले कार्यक्रम सञ्चालन र सचिव वैकुण्ठ प्रसाद खनालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# प्राकृतिक विज्ञान सङ्ग्रहालयको स्वर्णजयन्ती

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, प्राकृतिक विज्ञान सङ्ग्रहालयको स्वर्णजयन्ती समारोह सम्पन्न भएको छ ।

त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालको प्रमुख आतिथ्यमा सम्पन्न स्वर्ण जयन्ती समारोहको आयोजना साउन २ गते स्वयम्भूस्थित प्राकृतिक विज्ञान सङ्ग्रहालयमा गरिएको थियो । समारोहलाई सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले प्राकृतिक विज्ञान सङ्ग्रहालयलाई वैज्ञानिक अनुसन्धान र पर्यटकीय आकर्षणको केन्द्र बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । "हामीले मुलुककै महत्वपूर्ण सम्पदाको रूपमा रहेको यो सङ्ग्रहालयको सम्पत्ति व्यवस्थापन र दिगो विकासका लागि सरकारसँग




*प्राकृतिक विज्ञान सङ्ग्रहालयको स्वर्णजयन्ती समारोहलाई सम्बोधन गर्दै त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बराल ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

समन्वय, एकीकृत योजना निर्माण र अर्थोपार्जनको रणनीतिक योजना निर्माण गर्नुपर्दछ", उहाँले भन्नुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय सेवा आयोगका सदस्य प्रा.डा. अजय भट्टराईले प्राकृतिक विज्ञान सङ्ग्रहालयले अध्ययन र अनुसन्धानमा तादात्म्यता ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो । प्राकृतिक विज्ञान सङ्ग्रहालयका प्रमुख डा. गणेश बहादुर थापाले सङ्ग्रहालयले विभिन्न वन्यजन्तुहरूको अवशेष संकलन, प्रदर्शन र प्रचारप्रसार गर्ने काम गरिरहेको जानकारी दिनुभयो । उहाँले २१ रोपनी १ आना क्षेत्रफलमा फैलिएको सङ्ग्रहालयको जग्गा नेपाल सरकारको नाममा भएकोले तत्काल त्रिभुवन विश्वविद्यालयको नाममा ल्याउन आवश्यक पहल गरिदिनुहुन उपकुलपति समक्ष अनुरोध पनि गर्नुभएको थियो ।

स्वर्णजयन्ती समारोहमा विश्व वन्यजन्तु कोष नेपालका प्रमुख डा. घनश्याम गुरूङ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महादिर्नेशक डा. सिन्धुप्रसाद ढुंगाना, वातावरण विज्ञान केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख प्रा.डा. छत्रमणी शर्मा, प्राकृतिक विज्ञान सङ्ग्रहालयका पूर्व प्रमुख केशव श्रेष्ठ लगायत्ले शुभकामना व्यक्त गर्नुभएको थियो ।

स्वर्णजयन्तीको अवसरमा सङ्ग्रहालयमा कार्यरत सहप्राध्यापक डा. ईशान गौतमले वन्यजन्तु र वनस्पतिका लोपोन्मुख प्रजातिहरूको अन्तरराष्ट्रिय व्यापारसम्वन्धी महासन्धि (साइटिस) बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# त्रिवि केन्द्रीय कार्यालयमा तीज कार्यक्रम

त्रिभुवन विश्वविद्यालय कर्मचारी संघ केन्द्रीय कार्यालय इकाइ समितिले हरितालिका तीजको उपलक्ष्यमा भदौ १४ गते त्रिवि केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरूमा सम्मान तथा शुभकामना कार्यक्रमको आयोजना गरेको छ ।



*त्रिवि कर्मचारी संघद्वारा हरितालिका तीजको उपलक्ष्यमा आयोजित सम्मान तथा शुभकामना कार्यक्रमको उद्घाटन गर्दै त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. घनश्याम भट्टराई ।* *तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

कार्यक्रमको उद्घाटन गर्दै त्रि.वि. सेवा आयोगका अध्यक्ष प्रा.डा. घनश्याम भट्टराईले त्रिवि सेवा आयोगले धमाधम आफ्ना कामहरू अघि बढाएको र कार्यकारी परिषद्बाट निर्णय प्राप्त हुनासाथै सबै पदपूर्ति र पदोन्नतिको विज्ञापनलाई कार्यान्वयनमा लगिने जानकारी दिनुभयो । हरितालिका तीजको अवसरमा सबै महिला कर्मचारीलाई शुभकामना व्यक्त गर्दै देशको परम्परा र सँस्कृतिको संरक्षण गर्नुका साथै पर्वहरूलाई मौलिक र व्यवस्थित रूपमा मनाउनुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा त्रिवि कर्मचारी संघ

केन्द्रीय समितिका अध्यक्ष छत्रबहादुर कार्कीले त्रिवि पदाधिकारीहरूलाई पक्षपाती भएर कुनैपनि कार्य नगर्न सुझाव दिनुभयो । कार्यक्रममा त्रिवि कर्मचारी संघ केन्द्रीय कार्यालय इकाइ समितिका सभापति सुवर्ण आचार्यले हरितालिका तीजको उपलक्ष्यमा सम्पूर्ण कर्मचारीहरूलाई शुभकामना व्यक्त गर्दै सबै कर्मचारीको योगदानको कदर हुनुपर्ने, सरूवा र बढुवा नियमानुसार हुनुपर्ने र कार्यालयमा त्रासको वातावरणको अन्त्य हुनुपर्ने कुरा उठाउनु भयो ।

# अन्तरराष्ट्रिय भौगोलिक सम्मेलन

त्रिभुवन विश्वविद्यालय, भूगोल केन्द्रीय विभाग, एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड), चिनियाँ जियोग्राफी सोसाइटी र चीनकै याङट्जे युनिभर्सिटीले संयुक्त रूपमा साउन १४ देखि १८ सम्म 'पर्यावरण संरक्षण, आधुनिकीकरण र हिमाली क्षेत्रको दीगो विकास' शीर्षकको अन्तरराष्ट्रिय सम्मेलन आयोजना गरेका छन् ।

विश्वका प्रभावशाली वैज्ञानिकहरूलाई भेला गरेर पर्यावरण संरक्षणका बहुआयामिक विषयमा वैज्ञानिक दृष्टिकोण आदान-प्रदान गर्ने, अनुसन्धान गतिविधिबारे जानकारी गराउने, अध्ययन-अनुसन्धानमा अन्तरराष्ट्रिय सहयोग र सहकार्य बढाउने उद्देश्यले आयोजित सम्मेलनमा त्रिविका रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजालले 'नेपालमा वन विनासका कारण समुदायको जीविकामा परेको प्रभाव' शीर्षकमा अनुसन्धानमूलक कार्यपत्र प्रस्तुत गर्नुभयो । गण्डकी क्षेत्रका विभिन्न जिल्लामा गरिएको वैज्ञानिक अनुसन्धानमा आधारित उक्त कार्यपत्रमा उहाँले वन विनासका आर्थिक, सामाजिक एवम् पर्यावरणीय प्रभावहरूलाई उजागर गर्नुभएको थियो ।

सम्मेलनमा चिनियाँ जियोग्राफी सोसाइटीका अध्यक्ष प्रा. फाहु चेनले 'एसियाली क्षेत्रमा बढेको तापक्रम र वर्षामा दशकीय भिन्नताको ढाँचा र क्षेत्रीय अभिव्यक्ति' शीर्षकमा जियोग्राफी सोइसाइटीले गरेको विभिन्न भौगोलिक अनुसन्धानका नतिजामा आधारित विश्लेषणात्मक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । चाइनिज ऐकेडेमी अफ साइन्सेस्, इन्स्टिच्यूट अफ माउन्टेन हजार्ड एण्ड इन्भाइरोमेन्टका अनुसन्धानकर्मी प्रा.डा. निङशेंग चेनले 'हिमाली क्षेत्रमा अप्रत्याशित रूपमा आउने विपदहरूको वैज्ञानिक अवयव' शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै हिमाली विपदका कारण र तिनको सम्भावित न्यूनीकरणको



*त्रिवि भूगोल केन्द्रीय विभाग, एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड), चिनियाँ जियोग्राफी सोसाइटी र याङट्जे युनिभर्सिटीद्वारा आयोजित अन्तर्राष्ट्रिय भौगोलिक सम्मेलनका सहभागीहरू ।*

रणनीतिबारे जानकारी गराउनु भएको थियो ।

एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड)का वैज्ञानिक अरूणभक्त श्रेष्ठले 'परिवर्तनशील जोखिम वातावरणः सीमा-पार सूचना आदान-प्रदानको आवश्यकता' शीर्षकको कार्यपत्र प्रस्तुत गरी दुई देशबीचको सिमानामा हुने वातावरणीय जोखिम न्यूनीकरणका लागि वैज्ञानिक सूचनाहरूको साझेदारी गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । इसिमोडकै आर्थिक तथा प्रशासन निर्देशक शेखर घिमिरेले पनि पर्यावरणीय चुनौतीहरूको सामना गर्न आवश्यक सहयोगात्मक प्रयासहरूको महत्वमा जोड दिनुभएको थियो ।

सम्मेलनमा त्रिभुवन विश्वविद्यालय, भूगोल केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. उमेश कुमार मण्डलले सम्मेलनको उद्देश्य, विषयवस्तु र रणनीतिक योजनाहरूबारे जानकारी गराउँदै हिमाली क्षेत्रमा दीगो अभ्यासहरूको आवश्यकतामा जोड दिनुभयो । उहाँले भूगोल केन्द्रीय विभागले विश्वका महत्वपूर्ण विश्व विद्यालयहरूसँगको सहकार्यमा भूगोल, पर्यावरण लगायत्का विषयमा निरन्तर अध्ययन र अनुसन्धान गरिरहेको पनि स्पष्ट गर्नुभएको थियो ।

विभिन्न क्षेत्रका विज्ञ, अनुसन्धानकर्ता, वैज्ञानिक र नीतिनिर्माताहरूले हिमाली क्षेत्रको दिगो विकास र संरक्षणका रणनीतिहरूबारे छलफल गरेका अन्तरराष्ट्रिय सम्मेलनमा चीन, बङ्लादेश, भुटान, भारत, नेपाल र पाकिस्तानका १२० जना वैज्ञानिकको सहभागिता थियो ।

# २८ औं वर्षमा बीपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्र




*बीपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्रको २८ औं वार्षिक दिवस समारोहमा सम्बोधन गर्दै त्रिवि उपकुलपति प्रा.डा. केशरजङ्ग बराल ।* *तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालको प्रमुख आतिथ्यमा त्रिभुवन विश्वविद्यालय, बीपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्रको २८ औं वार्षिक दिवस समारोह सम्पन्न भएको छ ।

भदौ २४ गते आयोजित वार्षिकोत्सव कार्यक्रममा उपकुलपति बरालले त्रिभुवन विश्वविद्यालयका सामु आफ्नो भौतिक सम्पत्तिको संरक्षण र सम्बर्द्धन गरी जनशक्तिलाई अझ प्रभावकारी बनाउनु पर्ने चुनौती आएको स्वीकार गर्दै भन्नुभयो, "हामीले ती चुनौतीको सामना नीतिगत समस्यालाई प्राथमिकतामा राखेर गर्नुपर्दछ । हाम्रो उच्चशिक्षा नीति र त्यसको कार्यान्वयनको अवस्थालाई आमूल रूपान्तरण गर्ने पक्षमा हामी लागेका छौं र यसमा प्रधानमन्त्री तथा कुलपतिलाई समेत् विशेष अनुरोध गरेका छौं ।"

कार्यक्रममा बीपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. सगुननारायण जोशीले केन्द्रले कामबाट आफ्नो क्षमता प्रदर्शन गर्नुपर्ने, आर्थिक उपार्जनका साथै व्यवस्थित खर्च गर्नुपर्ने र समाजका सबै वर्गलाई आर्थिक क्षमता अनुसारको आखा स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने बताउनु भयो । कार्यक्रममा बीपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्रका पूर्व कार्यकारी निर्देशकहरू डा. शशांक कोइराला, डा. मदन उपाध्याय र प्रा.डा. आनन्द शर्माले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# त्रिवि एलुम्नाइ एशोसिएशनको वार्षिक साधारण सभा

शिक्षा विज्ञान तथा प्रविधि मन्त्री एवम् त्रिभुवन विश्वविद्यालयका सहकुलपति विद्या भट्टराईको प्रमुख आतिथ्यमा त्रिभुवन विश्वविद्यालय एलुम्नाइ एसोसिएशनको पाँचौ वार्षिक साधारण सभा सम्पन्न भएको छ । उमेश श्रेष्ठ, गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष उपेन्द्र महतो, बैङ्क तथा वित्तीय संस्था परिसंघ नेपालका अध्यक्ष उपेन्द्र पौडेल, साल्ट ट्रेडिङ लिमिटेडका महाप्रवन्धक उर्मिला श्रेष्ठ, कलाकारिता क्षेत्रमा योगदान गर्नुहुने यादव खरेल सबैभन्दा बढी दायित्व बोकिरहेकोले त्रिविको सुधारविना उच्चशिक्षाको सुधार नहुने स्पष्ट गर्नुभयो । "मुलुकको लागि दक्ष जनशक्ति उपलब्ध गराइरहेको त्रिविको सुधार र स्तरोन्नतिका लागि एलुम्नाइ एसोसिएशनले प्रभावकारी




*त्रिवि एलुम्नाइ एसोसिएशनको पाँचौं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. खडग के.सी. ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

त्रिवि स्मृति भवन कीर्तिपुरमा साउन २६ गते आयोजित साधारण सभामा देशका विभिन्न क्षेत्रमा योगदान गर्ने त्रिविका एलुम्नाइ पूर्वउपकुलपतिहरू केदारभक्त माथेमा र प्रा.डा. तीर्थराज खनिया, मुटुरोग विशेषज्ञ प्रा.डा. भगवान कोइराला, पूर्वप्रहरी महानिरीक्षक ध्रुब बहादुर प्रधान, पर्यटन व्यवसायी कर्ण शाक्य, शिक्षासेवी र प्रधानमन्त्रीका आर्थिक सल्लाहकार अर्थविद युवराज खतिवडालाई सम्मान गरिएको छ ।

सभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै शिक्षा विज्ञान तथा प्रविधिमन्त्री भट्टराईले नेपालको सन्दर्भमा त्रिभुवन विश्वविद्यालय उच्चशिक्षाको पर्याय भएको र यसले नै हालसम्म उच्चशिक्षाको भूमिका निर्वाह गर्नुपर्दछ । युवामा विदेशमोह बढ्नुमा विश्वविद्यालयहरू मात्रै नभएर देशको सामाजिक, आर्थिक र राजनीतिक परिस्थिति पनि निर्णायक हुन्", उहाँको भनाइ थियो । यसै परिप्रेक्ष्यमा उहाँले त्रिविको बढ्दो दलीयकरणको पनि अन्त्य गर्नुपर्ने विचार राख्नुभएको थियो ।

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी.ले विश्वविद्यालयहरू देशको आर्थिक, सामाजिक र साँस्कृतिक परिस्थितिको उपज भएकाले उपलब्ध स्रोतसाधन र जनशक्तिको समुचित प्रयोग गरी अधिकतम परिणाम हासील गर्न लागिपरेको स्पष्ट गर्नुभयो । उहाँले भन्नुभयो, "विश्वविद्यालयहरूमा देशको राजनीतिक प्रणाली, समाज एवम् सँस्कृतिको चेतना प्रतिविम्बित हुने भएकाले पूर्णतया राजनीतिमुक्त हुन त असम्भव प्रायः छ । त्यसैले हामीले दलीयकरण र भागबण्डाको अन्त्य गरी योग्यता प्रणाली अनुरूप जिम्मेवारी दिन थालेका छौं ।"

त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदार भक्त माथेमाले त्रिभुवन विश्वविद्यालयलाई दलीय राजनीतिकरणबाट मुक्त राख्ने विषयमा सुझाव दिंदै भन्नुभयो, "त्रिविको उपकुलपति रहँदा मैले विश्वविद्यालका विभिन्न निकायमा भागबण्डा अन्त्य गरी दक्ष प्राध्यापकहरू नियुक्त गरेको थिएँ । विश्वविद्यालयलाई दलीय राजनीतिकरणबाट मुक्त राख्न आलोचनात्मक क्षमता भएका प्राध्यापकहरूलाई प्रोत्साहित गर्नुपर्दछ ।"

साधारण सभामा त्रिभुवन विश्वविद्यालय एलुम्नाइ एसोसिएशनका अध्यक्ष प्रदीप कुमार श्रेष्ठले देश र विदेशमा समेत् ख्याति कमाएको त्रिभुवन विश्वविद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तर बढाएर विद्यार्थीहरू उच्चशिक्षाका लागि विदेश पलायन हुने परिस्थिति अन्त्य गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । "उच्चशिक्षा धेरै मुलुकहरूको अर्थतन्त्रको आधारस्तम्भ हो । नेपाललाई उच्चशिक्षाको अन्तरराष्ट्रिय आकर्षणको केन्द्र बनाउन सबै एलुम्नाइहरू एक हुनुपर्दछ", उहाँले भन्नुभयो ।

कार्यक्रममा प्रधानमन्त्रीका आर्थिक सल्लाहकार एवम् अर्थविद् युवराज खतिवडाले त्रिभुवन विश्वविद्यालय मुलुकको प्राथमिकतामा भएको र त्रिविमै अध्ययन गरेर आफूले अन्तरराष्ट्रिय क्षेत्रमा काम गर्ने अवसर प्राप्त गरेको स्पष्ट गर्दै त्रिविको शैक्षिक स्तर उकास्न र स्वायत्ततालाई बढावा दिन वित्तीय स्वावलम्बनलाई ध्यान दिन अनुरोध गर्नुभयो ।

# ४८ औं वर्षमा त्रिवि छापाखाना

त्रिभुवन विश्वविद्यालय छापाखानाको ४८ औं वार्षिक दिवस समारोह सम्पन्न भएको छ ।

साउन १६ गते कीर्तिपुरस्थित त्रिवि छापाखाना परिसरमा आयोजित समारोहका प्रमुख अतिथि त्रिविका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले त्रिविका सबै निकायलाई आफ्ना प्रकाशन कार्यहरू त्रिवि छापाखानामै गर्न आग्रह गर्दै छापाखानाको वित्तीय व्यवस्थापनलाई सहज बनाउन धेरै बैङ्क खाताहरूको सङ्ख्या कटौति गर्न सुझाव दिनुभयो । छापाखाना सञ्चालक समितिका अध्यक्ष




*त्रिवि छापाखानाको ४८ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै त्रिविका रजिष्टार प्रा.डा. केदार प्रसाद रिजाल ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

प्रा.डा. ताराप्रसाद भुसालले त्रिवि छापाखानाको समग्र सुधार गर्न २०५३ सालमा बनेको कार्यविधि परिमार्जन गरी समयसापेक्ष बनाउनु पर्ने आवश्यकता औंल्याउनु भयो ।

कार्यक्रममा त्रिवि छापाखानाका प्रमुख मानबहादुर भट्टले आव २०८०–०८१ को आर्थिक विवरण प्रस्तुत गर्दै छापाखानाको आम्दानी ८ करोड २८ लाख २४ हजार ३०३ रूपैयाँ, खर्च ७ करोड १६ लाख १८ हजार ४८ रूपैयाँ र नाफा १ करोड १२ लाख ६ हजार २५४ रूपैयाँ भएको जानकारी दिनुभयो । सो अवसरमा छापाखानाले नाफाको ३० प्रतिशत ३३ लाख ६१ हजार ८७६ रूपैयाँको चेक त्रिवि निवृत्तिभरण कोषमा जम्मा गर्न रजिष्ट्रार रिजाललाई हस्तान्तरण गरेको थियो ।

वार्षिकोत्सव समारोहमा त्रिवि परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशी र आर्थिक प्रशासन महाशाखाका प्रमुख कुमारप्रसाद हुमागाईंले पनि आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने विभिन्न अध्ययन संस्थानका डीन, विभागीय प्रमुख, सहायक डीन, महाशाखा प्रमुख, कर्मचारी संघका अध्यक्ष लगायत्को उपस्थिति थियो ।

# त्रिवि प्राज्ञिक परिषद्को २३ औं साधारण सभा

त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद्को २३ औं साधारण सभाले प्राज्ञिक परिषद् स्थायी समितिले विभिन्न समयमा गरेका निर्णयहरू अनुमोदन गर्नुका साथै त्रिविका सबै शैक्षिक कार्यक्रमहरूप्रति आकर्षण बढाउने, पाठ्यक्रमलाई कमाउँदै सिकाउने ढाँचामा लैजाने लगायत्का विषयमा छलफल गरेको छ ।

साउन ११ गते त्रिवि स्मृतिभवनमा आयोजित सभालाई सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले त्रिविले उच्चशिक्षाको ८० प्रतिशत भार बहन गरेको, राज्यले त्रिविलाई थप लगानी गर्नुपर्ने, स्वीकृत दरवन्दी अनुसार बजेट निकासा गर्नुपर्ने कुरा उठाउनु भयो । "त्रिविले देशका लागि आवश्यक र बजारका लागि उपयोगी सक्षम जनशक्ति उत्पादन गर्न आफ्नो शैक्षिक-प्रशासनिक पूनःसंरचना गर्नुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो, "यसका लागि हामीले अनुसन्धान कार्यलाई तीब्र बनाउने, सबै विभागमा विद्यावारिधि कार्यक्रमलाई विस्तार गर्ने, आङ्गिक क्याम्पसहरूमा आकर्षक विषय र तह



*त्रिवि प्राज्ञिक परिषद्को २३ औं साधारण सभामा उपस्थित त्रिविका पदाधिकारी तथा सभाका सहभागीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

थप गर्ने र महाविद्यालयको अवधारणामा लैजाने सोच लिएका छौं ।"

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले प्राज्ञिक उन्नयनका लागि अनुसन्धान, पाठ्यक्रम, सिकाइको वातावरण र उपयुक्त भौतिक संसाधनको व्यवस्था गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै आफूहरू त्रिभुवन विश्वविद्यालयमा अनुसन्धानको उपयुक्त वातावरण निर्माण गर्न लागिरहेको स्पष्ट गर्नुभयो ।

सभामा त्रिभुवन विश्वविद्यालयका पाठ्यक्रम र शैक्षिक क्रियाकलापलाई व्यवस्थित बनाउने विषयमा रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले सम्बन्धित सबैलाई विशेष अनुरोध गर्दै भन्नुभयो, "त्रिभुवन विश्वविद्यालयप्रति समाज र राष्ट्रको भरोसा निरन्तर बढ्दै गइरहेको छ । यसलाई टुट्न नदिन हामी प्रतिस्पर्धी विद्यार्थी उत्पादनमा लाग्नुपर्दछ ।"

साधारण सभामा प्राज्ञिक परिषदका सदस्यहरू प्रा.डा. विनिल अर्याल, प्रा.डा. विरबहादुर खनाल, डा. जित नारायण शाह, प्रा.डा. अच्यूत ज्ञवाली, प्रा.डा. भोजराज अर्याल, डा. कृष्णप्रसाद बस्याल, प्रा.डा. ध्यानेन्द्र बहादुर राई, प्रा.डा. रमेश जोशीले पनि विभिन्न रचनात्मक सुझाव दिनुभएको थियो ।




*साउन २१ गते एक कार्यक्रमबीच विश्वविद्यालय अनुदान आयोगमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियाका लागि गणित केन्द्रीय विभागले तयार गरेको स्व-अध्ययन प्रतिवेदन (SSR) हस्तान्तरण गरिएको छ ।*

## अनुरोध

त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन त्रिविका डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

# त्रिवि पुस्तकालय र क्याम्ब्रिज युनिभर्सिटी प्रेसबीच अन्तरक्रिया

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र क्याम्ब्रिज युनिभर्सिटी प्रेस इण्डियाको संयुक्त आयोजनामा विभिन्न विधाका पुस्तक तथा अनुसन्धान लेख प्रकाशनका सम्बन्धमा साउन ७ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कीर्तिपुरस्थित केन्द्रीय पुस्तकालयमा विश्वविद्यालयले अनुसन्धान र प्रकाशनका क्षेत्रमा प्राप्त गरेको उपलब्धिबारे जानकारी गराउँदै भन्नुभयो, "त्रिभुवन विश्वविद्यालय देशकै सबैभन्दा बढी अनुसन्धान गर्ने विश्वविद्यालयको रूपमा सक्रिय छ । यसबाट वर्षेनी हजारभन्दा बढी अनुसन्धान लेखहरू प्रकाशित हुन्छन् । नेपाली सम्पादकद्वय विकास कुमार तिवारी र अन्वेषा रानाले प्रकाशनका प्राविधिक एवम् व्यवस्थापकीय पक्षहरूबारे अवगत गराउनु भएको थियो ।

कार्यक्रमको अध्यक्षता त्रिवि केन्द्रीय पुस्तकालयका निमित्त प्रमुख सागरराज सुवेदीले गर्नुभएको थियो ।




*त्रिवि केन्द्रीय पुस्तकालय र क्याम्ब्रिज युनिभर्सिटी प्रेस इण्डिया बीचको अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. विनिल अर्याल ।* *तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

आयोजित अन्तरक्रिया कार्यक्रममा क्याम्ब्रिज युनिभर्सिटी प्रेस इण्डियाबाट स्तरीय पुस्तक छपाउने प्रक्रिया, पुस्तक प्रकाशनका पूर्व तयारीका विविध पक्षका साथै प्रकाशनमा क्याम्ब्रिज युनिभर्सिटी प्रेस मार्फत् प्राप्त हुनसक्ने सहयोग, सुविधा र त्यसको गुणस्तरबारे छलफल भएको थियो ।

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. विनिल अर्यालले कार्यक्रममा उपस्थित अतिथि एवम् सहभागीहरूलाई त्रिभुवन अनुसन्धानकर्मीहरूमा अनुसन्धानात्मक र वैज्ञानिक लेखहरू प्रकाशन गर्ने क्षमतामा उल्लेखनीय वृद्धि भइरहेको छ ।"

कार्यक्रममा क्याम्ब्रिज युनिभर्सिटी प्रेस इण्डियाका क्षेत्रीय व्यवस्थापक गिरिजेश कुमार तिवारीले सन् १५३४ मा स्थापना भई प्रकाशनको क्षेत्रमा अब्बल ऐतिहासिक संस्थाको रूपमा परिचित क्याम्ब्रिज युनिभर्सिटी प्रेसबारे जानकारी दिनुभएको थियो भने क्याम्ब्रिज युनिभर्सिटी प्रेस इण्डियामा कार्यरत सहायक

## त्रिवि बुलेटिन वेबसाइटमा

त्रिभुवन विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखाबाट प्रकाशित त्रिवि बुलेटिन निम्न वेबसाइटमा पनि उपलब्ध छ ।

***www.tu.edu.np***

# त्रिभुवन विश्वविद्यालय सभाको वार्षिक दिवस बैठकमा रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालज्यूबाट प्रस्तुत ६२ औं ग्रेस लिष्टको संक्षिप्त विवरण

**सभाको अध्यक्षता गरिरहनु भएका त्रिभुवन विश्वविद्यालका सम्मानीय कुलपतिज्यू,**
**त्रिभुवन विश्वविद्यालयका माननीय सहकुलपतिज्यू, उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू तथा विद्वान् सभासदज्यूहरु,**

त्रिभुवन विश्वविद्यालयद्वारा आयोजित त्रिवि सभाका अध्यक्ष सम्माननीय प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपतिज्यू लगायत् उपस्थित सम्पूर्ण सभासद्ज्यूहरूको जानकारीका लागि ६२ औं ग्रेसलिष्ट सम्बन्धी तथ्याङ्क प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस ग्रेसलिष्टमा २०८० असार १ गते (Jun 16, 2023) देखि २०८१ जेष्ठ मसान्त (Jun 14, 2024) सम्मको अवधिमा तोकिएका सम्पूर्ण आवश्यकता पूरा गरी स्नातक, PGDS, स्नातकोत्तर, एमफिल र विद्यावारिधि परीक्षा समेत् उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिइसकेका कूल विद्यार्थी ७३ हजार ९९५ जना छन् । सङ्काय र अध्ययन संस्थान अन्तर्गतका उक्त विद्यार्थीहरूको विवरण निम्नानुसार छ ।

**विभिन्न तहमा ट्रान्सक्रिप्ट लिएका विद्यार्थीहरूको विवरण**

| सि.नं. | संकाय/अध्ययन संस्थान | स्नातक | स्नातकोत्तर | एम.फील | PGDS | विद्यावारिधि | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | व्यवस्थापन संकाय | २१३७९ | ९४८७ | ४७ | १४ | ९ | ३०९३६ |
| २ | शिक्षाशास्त्र संकाय | ८५८४ | २६६९ | ४८ | | १६ | ११३१७ |
| ३ | मानविकी तथा सामाजिकशास्त्र संकाय | ७९८२ | ५४२४ | ७४ | ९३ | ५० | १३६२३ |
| ४ | कानून संकाय | ३०२२ | ५९ | | | ५ | ३०८६ |
| ५ | विज्ञान तथा प्रविधि अध्ययन संस्थान | ५५९६ | १३७४ | ५ | | ३६ | ७०११ |
| ६ | इन्जिनियरिङ् अध्ययन संस्थान | ४८१४ | ४६५ | | | २ | ५२८१ |
| ७ | चिकित्साशास्त्र अध्ययन संस्थान | १४२३ | ३३२ | ४ | | ३० | १७८९ |
| ८ | कृषि र पशु विज्ञान अध्ययन संस्थान | ५४५ | १०० | | | ३ | ६४८ |
| ९ | वन विज्ञान अध्ययन संस्थान | २०७ | ९४ | | | ३ | ३०४ |
| | **कुल जम्मा** | **५३५५२** | **२००४** | **१७८** | **१०७** | **१२४** | **७३९९५** |

माथि उल्लेखित तथ्यांकलाई हेर्दा तोकिएको प्रक्रिया पूरा गरी ट्रान्सक्रिप्ट लिने कुल विद्यार्थी संख्या ७३ हजार ९९५ मध्ये साधारणतर्फ कुल विद्यार्थी सङ्ख्या ५८ हजार ९६२ अर्थात् ७९.६८ प्रतिशत र प्राविधिकतर्फ १५ हजार ३३ अर्थात २०.३२ प्रतिशत छ ।

धन्यवाद !

२०८१ श्रावण १५ गते मंगलबार
त्रिभुवन विश्वविद्यालय, स्मृति भवन, कीर्तिपुर, काठमाडौं

# त्रिभुवन विश्वविद्यालय सभामा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बजेट बक्तव्य

प्रा.डा.केदारप्रसाद रिजाल
रजिष्ट्रार
त्रिभुवन विश्वविद्यालय

**सभाको अध्यक्षता गरिरहनु भएका सम्माननीय प्रधानमन्त्री एवम् त्रिभुवन विश्वविद्यालयका कुलपति खड्ग प्रसाद शर्मा ओलीज्यू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवम् त्रिभुवन विश्वविद्यालयका सहकुलपति विद्या भट्टराईज्यू, उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू तथा विद्वान् सभासद्ज्यूहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।**

यस गरिमामय विद्वत् सभामा त्रिभुवन विश्वविद्यालयको रजिष्ट्रारको हैसियतले आगामी आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रम एवम् बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

**विद्यमान अवस्था र योगदान**

१. मानव सभ्यताको विकास कला, सँस्कृति, प्रविधि र मानवीय संसाधनको विकासबाट मात्र सम्भव भएको विश्व शिक्षाको इतिहास सर्वविदितै छ । कुनै पनि राष्ट्रको पहिचान परिष्कृत पाठ्यक्रमका माध्यमबाट शिक्षाको गुणस्तर विकास र विश्वविद्यालयहरूले गर्ने अनुसन्धानका माध्यमबाट अवलम्बन गरिने नीतिले उक्त राष्ट्रको सामाजिक तथा भौतिक विकासमा निर्वाह गर्ने भूमिकाले निर्धारण गर्दछ । विश्वविद्यालय भौतिक संरचना मात्र नभएर समग्र शैक्षिक वातावरणको समष्टिगत स्वरूप हो जुन उच्च शिक्षामा लगानीयुक्त राजनीतिक प्रणाली, कर्मनिष्ठ प्राध्यापक, कर्मचारी तथा विद्यार्थी, स्तरीय र अनुसन्धानमुखी व्यावसायिक शिक्षा पद्धति र प्रतिबद्ध नेतृत्वबाट मात्र सम्भव हुन्छ । राष्ट्रको दीर्घकालीन र दिगो विकासका निम्ति उच्च शिक्षाको प्रभावकारितालाई कसैले नकार्न नसकेको विश्वव्यापी दृष्टान्तलाई हामीले पनि आत्मसाथ गरेका छौं । सयौं वर्षको अनवरत प्रयासले मात्र सन्तुलित तक्षशीला, नालन्दा जस्ता पुराना महाविद्यालयहरू र हवाई, हार्वर्ड, क्याम्ब्रिज, अक्सफोर्ड जस्ता आधुनिक हजारौं विश्वविद्यालयहरू संसारभर प्रख्यात भएको विषयलाई अहिले पनि हामीले हृदयङ्गम गरेर अघि बढ्नु पर्दछ ।

२. विद्वान् सभासदज्यूहरुमा विदितै छ, लगभग एक शताब्दीअघि तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेर जबराले नेपालमा उच्चशिक्षाको जग बसालेको र विसं २००७ सालको प्रजातान्त्रिक आन्दोलन पश्चात् राष्ट्रको सर्वाङ्गीण विकासका लागि राष्ट्रिय आवश्यकता अनुरूपको दक्ष जनशक्ति तयार गर्न स्तरीय र अनुसन्धान केन्द्रित उच्चशिक्षालाई केन्द्रमा राख्दै समग्र सामाजिक तथा आर्थिक उन्नयनका लागि योग्य, दक्ष, सृजनशील र राष्ट्रिय एवम् अन्तरराष्ट्रिय रूपमा प्रतिस्पर्धी मानव संसाधन तयार गर्ने उद्देश्यले विसं २०१६ सालमा स्थापित त्रिभुवन विश्वविद्यालय उच्च शिक्षा अध्ययन गरिरहेका कुल विद्यार्थी सङ्ख्याको झण्डै ८० प्रतिशत विद्यार्थीको विश्वासलाई आत्मसाथ गरी दृढताका साथ आफ्नो उद्देश्य अनुरूप कार्य गर्दै निरन्तर अगाडि बढिरहेको छ । सरल र सहज रूपमा स्तरीय शिक्षा प्रदान गर्ने भएको हुँदा मुलुकको उच्च शिक्षाको अत्यधिक भार वहन गर्ने जिम्मेवारी त्रिभुवन विश्वविद्यालयकै काँधमा आएको छ । देशका सबै भूभागमा आफ्नो उपस्थिति जनाएर त्रिभुवन विश्वविद्यालयले मुलुकको उच्चशिक्षाको सम्बर्द्धनको जिम्मेवारी सगौरव वहन गर्दै आइरहेको छ । यसरी मुलुकको उच्च शिक्षाको सम्बर्द्धन र प्रबर्द्धन गर्ने गहनतम् जिम्मेवारी प्राप्त भइरहनु त्रिभुवन विश्वविद्यालयको लागि गौरवको विषय हो ।

३. विश्वका प्रायः हरेक देशमा छरिएर रहेका त्रिभुवन विश्वविद्यालयबाट उत्पादित जनशक्तिले ज्ञान, विज्ञान र अनुसन्धानका क्षेत्रमा विश्वभरी नै जुन किसिमले उत्कृष्ट दक्षता प्रस्तुत गरेका छन् त्यसैबाट पनि विश्व जगतमा यस विश्वविद्यालयको गरिमा र प्रतिष्ठा उच्च रहन गएको पुष्टि हुन्छ । पछिल्ला दिनमा यस विश्वविद्यालयका प्राध्यापक, कर्मचारी, तथा विद्यार्थीले गरेका अनुसन्धान प्रकाशनको उत्कृष्टताका कारण त्रिभुवन विश्वविद्यालयको स्तरमा क्रमशः वृद्धि हुँदै गएको तथ्य विद्वान् सभासद्ज्यूहरू समक्ष निवेदन गर्न चाहन्छु ।

४. सन् २०१३ मा नेपाल सरकारले यस विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयको रूपमा सिद्धान्ततः स्वीकार गरिसकेको छ । देशको राजनीतिक, प्रशासनिक, वित्तीय, सेना, प्रहरी, शिक्षकलगायत् सबै क्षेत्रमा त्रिविद्वारा दीक्षित जनशक्तिको बाहुल्य रहेको, विश्वका राम्रा विश्वविद्यालयमध्ये १२०८ को सूचीमा रहेको र टाइम्स हाइयर एजुकेशन २०२२-२०२३ अनुसार विश्वमा सबैभन्दा बढी ४ लाख ८२ हजार ५४१ नियमित विद्यार्थी अध्ययन गर्ने विश्वविद्यालयको रूपमा समेत् त्रिभुवन विश्वविद्यालयको परिचय स्थापित भएको कुरा यहाँहरूलाई सगौरव निवेदन गर्दछु ।

५. यस विश्वविद्यालयका आङ्गिक क्याम्पसहरू, सम्बन्धन प्राप्त

क्याम्पसहरू, शैक्षिक कार्यक्रम, विद्यार्थी सङ्ख्या, प्राध्यापक र प्रशासनिक कर्मचारीको सङ्ख्याका दृष्टिकोणले संसारका ठूलामध्येका विश्वविद्यालयमा पर्दछ । हाल विश्वविद्यालयमा पाँच अध्ययन संस्थान (विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, चिकित्साशास्त्र, वनविज्ञान तथा कृषि र पशुविज्ञान) र चार सङ्काय (व्यवस्थापन, मानविकी तथा सामाजिक शास्त्र, शिक्षाशास्त्र र कानून) छन् । यसका ४० केन्द्रीय विभाग, चार अनुसन्धान केन्द्र, चार महाविद्यालय र ६२ आङ्गिक क्याम्पस सञ्चालनमा छन् । यसबाहेक डोटीको शिलगुडीमा खप्तड इन्जिनियरिङ क्याम्पस र दाङको घोराहीमा घोराही इन्जिनियरिङ क्याम्पसको विस्तृत परियोजना तयार भैसकेको छ । यी दुई समेत् गरी ६४ आङ्गिक क्याम्पस हुनेछन् । शैक्षिक वर्ष २०७९-०८० मा कूल विद्यार्थी सङ्ख्या ५ लाख ३७ हजार ५६९ भएकोमा शैक्षिक वर्ष २०८०-०८१ मा कूल विद्यार्थी सङ्ख्या ५ लाख ८७ हजार ७१९ छ । शैक्षिक वर्ष २०७९-०८० को तुलनामा शैक्षिक वर्ष २०८०-०८१ मा विद्यार्थी भर्ना ९.२७ प्रतिशतले बढेको देखिन्छ ।

६. जनशक्ति उत्पादनका दृष्टिले हेर्ने हो भने शैक्षिक वर्ष २०८०-०८१ तथा ६२ औं ग्रेसलिष्ट अनुसार कूल विद्यार्थी सङ्ख्या ७३ हजार ९९५ छ । यसमध्ये प्राविधिकतर्फ २०.३२ प्रतिशत र साधारणतर्फ ७९.६८ प्रतिशत छन् । एमफिल गर्ने १७८, पिजिडिएस गर्ने १०७, विद्यावारिधि गर्ने १२४, एमसिएच गर्ने १९ र डिएम गर्ने ११ जना छन् । सङ्कायगत रूपमा हेर्दा व्यवस्थापन सङ्कायमा ३० हजार ९३६, शिक्षाशास्त्र सङ्कायमा ११ हजार ३१७ मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा १३ हजार ६२३ र कानून सङ्कायमा ३०८६ दक्ष जनशक्ति उत्पादन भएका छन् । यसैगरी इन्जिनियरिङ अध्ययन संस्थानमा ५२८१, चिकित्साशास्त्र अध्ययन संस्थानमा १७८९, कृषि र पशु विज्ञान अध्ययन संस्थानमा ६४८ र वन विज्ञान अध्ययन संस्थानमा ३०४ जना दक्ष जनशक्ति उत्पादन भएको छ ।

७. विश्वव्यापी रूपमा दिनानुदिन विज्ञान तथा प्रविधिको क्षेत्रमा भैरहेका विकासको लाभ लिन प्रविधिको पहुँचलाई विस्तार गर्दै प्रविधिमैत्री विश्वविद्यालयका रूपमा परिष्कृत गर्ने बाटोमा यो विश्वविद्यालय लागिपरेको कुरा निवेदन गर्दछु । उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गर्दै शिक्षण सिकाइ, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण-सम्परीक्षण, परीक्षा व्यवस्थापन, वित्तीय व्यवस्थापन, तथा शैक्षिक-प्रशासनिक व्यवस्थापनका क्षेत्रमा आवश्यकता अनुसार तालीम सञ्चालन गरी सीप तथा क्षमता अभिवृद्धि गरिरहेका छौं । सूचना प्रविधि नवप्रबर्तन केन्द्रलाई सबलीकरण गरी विश्वविद्यालयका वित्तीय तथा शैक्षिक-प्रशासनिक व्यवस्थापनका कार्यहरू एकीकृत विद्युतीय प्रशासनमा रूपान्तरण गर्ने प्रक्रिया प्रारम्भ गरिएको कुरा समेत् निवेदन गर्न चाहन्छु ।

८. अनुसन्धान विश्वविद्यालयको मेरूदण्ड हो । यहाँ हुने अध्ययन-अनुसन्धानले देशको समग्र नीति, रणनीति तथा व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ । यस तथ्यलाई ध्यानमा राखेर विश्वविद्यालयमा अनुसन्धान गतिविधि अझै सक्रिय तथा प्रभावकारी बनाउने नीति अनुरूप सीमित स्रोतसाधनको अधिकतम उपयोग गर्दै अनुसन्धानलाई प्राथमिकता दिन डीन कार्यालय, आङ्गिक क्याम्पस र केन्द्रीय विभागहरूमा अनुसन्धान कोष स्थापना गरी प्रभावकारी रूपमा परिचालन गर्न अनुसन्धान इकाइ (Research Cell) खडा गरिएको छ । राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ-संस्थाहरूसँगको सहकार्यमा अनुसन्धानात्मक कार्यहरू (Collaborative Research Works) सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइएको छ । अनुसन्धान निर्देशनालय, डीन कार्यालय तथा क्याम्पस-केन्द्रीय विभागहरूबाट विभिन्न लघु र ठूला अनुसन्धान परियोजनाहरूले निरन्तरता पाइरहेका छन् । गत आर्थिक वर्षदेखि विश्वविद्यालयका हरेक क्याम्पस, केन्द्रीय विभाग तथा डीन कार्यालयहरूले सञ्चालन खर्च घटाई आन्तरिक आम्दानीको केही प्रतिशत रकम अनुसन्धान कार्यमा छुट्याउनु पर्ने बाध्यात्मक व्यवस्था गरिएको, साथै नेपाल सरकारले पनि चालु आर्थिक वर्ष तथा आगामी आर्थिक वर्षका निम्ति अनुसन्धानमा बजेट छुट्याएकोले अनुसन्धान कार्यमा साधनस्रोत व्यवस्थापन गर्न सहज भएको तथा सेवा प्रवेश र बढुवामा अनुसन्धानलाई विशेष प्राथमिकता दिइएको हुनाले अनुसन्धानको वातावरण सकारात्मक बन्दै गएको कुरा निवेदन गर्न चाहन्छु ।

**अध्यक्ष महोदय तथा विद्वान् सभासदज्यूहरु, अब आव २०८१-०८२ का निम्ति आधार र लक्ष्य प्रस्तुत गर्न चाहन्छु ।**

९. "स्तरीय, प्रभावकारी उच्चशिक्षाः प्राज्ञिक उत्कृष्टता आजको आवश्यकता" भन्ने त्रिविको नीति कार्यान्वयन गर्न तथा हाम्रो विश्वविद्यालयबाट उत्पादित जनशक्तिले राष्ट्रिय-अन्तरराष्ट्रिय स्तरका जनशक्तिसँग प्रतिष्पर्धा गर्नुपर्ने विद्यमान अवस्था र चुनौतीको सामना गर्न विश्वका विभिन्न विश्वविद्यालयहरूसँग शैक्षिक तथा अनुसन्धानात्मक सहकार्य गर्दै उच्चशिक्षामा आम समुदायको पहुँच, स्तरीय शिक्षा, अनुसन्धान र प्रकाशन, दक्ष जनशक्ति विकासका लागि समयानुकूल पाठ्यक्रममा परिमार्जन, शैक्षिक पात्रोको प्रभावकारी कार्यान्वयन, प्राविधिक शिक्षाको विस्तार, क्रेडिट ट्रान्सफर, संयुक्त डिग्री प्रदान र संयुक्त अनुसन्धान गर्ने गराउने कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिन प्रस्तुत बजेट लक्षित गरेको छु ।

१०. प्रस्तुत बजेट तर्जुमा गर्दा विद्यमान ऐन, नियम, विनियम तथा प्रचलित कानून, नेपाल सरकारले उच्च शिक्षामा लिएको नीति तथा कार्यक्रम, विश्वविद्यालय अनुदान आयोगबाट विनियोजित बजेट र त्रिवि सभासद्ज्यूहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु । यसैगरी त्रिविका अध्ययन

संस्थान, सङ्काय, अनुसन्धान केन्द्र, क्याम्पस-कार्यालय, विभाग, शिक्षक, कर्मचारी र विद्यार्थी तथा सरोकारवालाहरूसँग भएको अन्तरक्रिया एवम् छलफलबाट प्राप्त सुझावलाई समेत् आधार बनाएको छु ।

**सम्माननीय अध्यक्षज्यू तथा विद्वान सभासदज्यूहरु,**

अब म आर्थिक वर्ष २०८१-०८२ को बजेटको लक्ष्य, उद्देश्य र नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**लक्ष्य :**

"राष्ट्रको समग्र विकासका लागि उच्च शिक्षाका विभिन्न क्षेत्रहरूमा स्तरीय र प्रतिस्पर्धी मानव संसाधन विकास गर्न अनुसन्धान, नवप्रबर्तन, ज्ञान सिर्जना, ज्ञान र सीपलाई उद्योग र व्यवसायसँग जोड्दै अध्ययन-अध्यापनलाई निरन्तर सुदृढ गरी राष्ट्रिय एवम् अन्तरराष्ट्रिय जगतमा विश्वस्तरीय, अग्रणी एवम् प्रतिष्ठित विश्वविद्यालयको रूपमा स्थापित गर्ने" त्रिभुवन विश्वविद्यालयको लक्ष्य हो ।

**उद्देश्य** :

सामाजिक, आर्थिक, प्राविधिक तथा राष्ट्रको समग्र विकासका लागि विभिन्न क्षेत्रमा सक्षम नेतृत्व प्रदान गर्नसक्ने योग्य, दक्ष र अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नका लागि आवश्यक स्तरीय शिक्षाको सुनिश्चितता गराउनु यसको नीतिगत उद्देश्य हो ।

**यसका विशिष्ट उद्देश्यहरु निम्न बमोजिम छन्** :

- शिक्षा क्षेत्रमा भएको विविधीकरण, विशिष्टीकरण र प्रविधिमा आएको परिवर्तनलाई दृष्टिगत गरी समग्र सामाजिक तथा आर्थिक उन्नयनको लागि सक्षम, नेतृत्वदायी, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधन विकास गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्ने ।
- उच्चशिक्षामा अध्ययन एवम् अनुसन्धानका अवसरहरू बृद्धि गरी सान्दर्भिक, उपयोगी, स्तरीय र प्रभावकारी अनुसन्धान, प्रकाशन र प्राध्यापनका माध्यमद्वारा अन्तरराष्ट्रिय प्रतिस्पर्धी विश्वविद्यालयको रूपमा स्थापित गर्ने ।
- विद्यमान मानव संसाधनलाई नवीनतम सूचना प्रविधिको प्रयोग गर्न प्रोत्साहित गर्दै शैक्षिक तथा वित्तीय प्रशासनलाई प्रभावकारी, पारदर्शी, नतिजामुखी र चुस्त बनाउने ।

**त्रिभुवन विश्वविद्यालयका नीति तथा कार्यक्रमहरु :**

विश्वविद्यालयले तर्जुमा गरेको नीति तथा कार्यक्रममा शैक्षिक पात्रो निर्माण र कार्यान्वयन, जनशक्ति विकास, शैक्षिक कार्यक्रम र पाठ्यक्रम, विद्युतीकरण र प्रविधिको प्रयोग, अनुसन्धान र प्रकाशन, भौतिक पूर्वाधार, विश्वविद्यालयको सम्पति र स्रोतको परिचालन, अन्तरराष्ट्रियकरण र विश्वश्रेणीकरण लगायत्का विभिन्न विषयमा महत्वपूर्ण नीति तथा कार्यक्रमहरू छन् । नीति तथा कार्यक्रममा मुख्यतया प्राज्ञिक परीक्षण गर्ने, गुणस्तर तथा प्रत्यायनलाई कार्यान्वयन गर्ने, विद्यावारिधिलाई थप स्तरीय बनाउने, अनुसन्धान र प्रकाशनमा केन्द्रित रही प्राज्ञिक उन्नयन गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ ।

विश्वविद्यालयको आगामी आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**शैक्षिक पात्रोको निर्माण र कार्यान्वयनतर्फ :**

- शैक्षिक पात्रोको प्रभावकारी कार्यान्वयन गर्नुका साथसाथै यसको अनुगमनको लागि आवश्यक संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ । शैक्षिक पात्रो अन्तरराष्ट्रिय शैक्षिक पात्रोसँग मिल्नेगरी निर्माण गरिनेछ ।
- शैक्षिक पात्रो अनुसार परीक्षाफल प्रकाशन गर्ने र यसका लागि परीक्षा सम्बन्धी निर्माणाधीन एपको निर्माण समयमै पूरा गरी परीक्षाका सबै कार्यमा प्रयोग गरिनेछ ।
- परीक्षा नियन्त्रण कार्यालयमा राखिने विद्यार्थीहरूको अभिलेखलाई पूर्णतः विद्युतीकरण गरिनेछ र विद्यार्थीहरूलाई परीक्षा नियन्त्रण कार्यालयले दिने सेवासुविधाका लागि आवश्यक आवेदन फारम अनलाइन भर्ने र सेवा शुल्क पनि अनलाइनबाट तिर्ने व्यवस्था गरिनेछ ।
- विद्यार्थीहरूको ट्रान्सक्रिप्ट अनलाइनबाट सम्बन्धित क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयले प्रिन्ट गरी सम्बन्धित क्षेत्रीय कार्यालयबाट नै वितरण गर्ने व्यवस्था गरिनेछ ।
- उत्तर पुस्तिका संकलन, वितरण, परीक्षण, सम्परीक्षण गरेवापतको भुक्तानी आदि परीक्षा सम्बन्धी कार्यलाई क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयहरूमा विकेन्द्रीकरण गरिनेछ र उत्तर पुस्तिका परीक्षण, सम्परीक्षण लगायत्का कार्यहरूलाई वैज्ञानिक बनाइनेछ ।
- सेमेष्टर प्रणालीका शैक्षिक कार्यक्रमहरूको परीक्षा सम्बन्धी सबै कार्य सम्बन्धित डीन कार्यालयले नै गर्ने गरेको र क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयसँग समन्वय नहुँदा अनावश्यक खर्च बढ्ने गरेको छ । यो खर्चलाई घटाउन सम्बन्धित डीन कार्यालय र क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयसँग समन्वय गरी डीन कार्यालयले सञ्चालन गरेको परीक्षालाई सहज गरिनेछ ।
- केन्द्रीय तथा क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय र क्याम्पसको परीक्षा शाखामा कार्यरत कर्मचारीहरूलाई कार्यक्षेत्रमै आवश्यक प्रशिक्षण दिई परीक्षा सम्बन्धी एप सञ्चालन गर्न सक्षम र दक्ष बनाइनेछ ।

**जनशक्ति विकासतर्फ :**

- विश्वविद्यालयका विभिन्न पदाधिकारीहरूको नियुक्ति निर्धारित मापदण्डको आधारमा गरिनेछ र यससम्बन्धी आवश्यक नियम, विनियम र कार्यविधिको पनि आवश्यकता अनुसार संशोधन गरिनेछ ।
- कामका आधारमा सहायक डीन, सहायक क्याम्पस प्रमुख र सहनियन्त्रकहरूको सङ्ख्याको पुनरावलोकन गरी

आवश्यकताका आधारमा यी पदको सङ्ख्या निर्धारण गरिनेछ ।

- विश्वविद्यालयका विभिन्न निकायका पदाधिकारीहरूका लागि विश्वविद्यालय नियम, सार्वजनिक खरिद सम्बन्धी ऐन, नियम, बजेट निर्माण, परीक्षा र लेखा परीक्षण सम्बन्धी आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- विश्वविद्यालयको प्राध्यापन सेवामा प्रवेश गर्नको लागि न्यूनतम योग्यतामा पुनर्विचार गर्ने र विश्वविद्यालयका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पस वा कलेजमा प्राध्यापन गर्न विश्वविद्यालय सेवा योग्यता परीक्षण परीक्षा (Tribhuvan University Eligibility Test)को व्यवस्था गरिनेछ र यो परीक्षा उत्तीर्ण हुनेहरू मात्र आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पस र विभागमा प्राध्यापन सेवामा प्रवेश गर्न पाउने व्यवस्था गरिनेछ । तर विश्वविद्यालय अनुदान आयोगले राष्ट्रिय योग्यता परिक्षा (National Eligibility Test)को व्यवस्था गरेपछि उपरोक्त व्यवस्था स्वतः निष्क्रिय हुनेछ ।
- विश्वविद्यालयको शिक्षक र कर्मचारी सेवा सम्बन्धी नियम, २०५० संशोधन गरी शिक्षक तथा कर्मचारीको भर्ना र पदोन्नति सम्बन्धी महत्वपूर्ण व्यवस्थालाई समावेश गरिनेछ ।
- विश्वविद्यालय सेवा आयोगलाई प्रभावकारी बनाउनका लागि आवश्यक भौतिक सुविधा र बजेट उपलब्ध गराइनेछ । शिक्षक कर्मचारीहरूको भर्ना र पदोन्नतिको प्रक्रियालाई नियमित गराइनेछ ।
- अनुसन्धान कार्य र अनुसन्धानमूलक प्रकाशनका आधारमा फास्ट-ट्र्याकबाट शिक्षकहरू (उपप्राध्यापक र सहप्राध्यापक) को नियुक्ति गरी विश्वविद्यालय सेवामा स्तरीय जनशक्तिलाई प्रवेश गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
- विश्वविद्यालयका आङ्गिक क्याम्पस, विभाग, केन्द्रीय विभाग र स्कूलहरूमा शैक्षिक जनशक्तिको प्रभावकारी प्रयोगका लागि कार्यकारी पदमा रहेका पदाधिकारीहरूलाई पनि निश्चित कार्यभार बराबरको शिक्षण गर्नुपर्ने व्यवस्था गरिनेछ । यसका साथसाथै तोकिएको कार्यभार अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था गरिनेछ । कार्यभार नभएको अवस्थामा कार्यभार भएको क्याम्पस वा विभागमा काजमा वा सरूवा गरी पठाइनेछ । यसरी पठाउँदा पनि अटेर गरी नगएको अवस्थामा निजलाई विभागीय कारवाही गरिनेछ ।
- काजमा सरूवा भएर आएका सबै शिक्षक-कर्मचारीहरूलाई आफ्नै दरबन्दी भएको क्याम्पस कार्यालयमा शिक्षक र कर्मचारी नपुग भएमा सोही क्याम्पसमै फिर्ता गरिनेछ ।
- विश्वविद्यालयका केन्द्रीय निकायहरू, केन्द्रीय विभाग, विभाग र क्याम्पसहरूमा जनशक्तिको आवश्यकता पूरा गर्न र आर्थिक रूपले विपन्न वर्ग र क्षेत्रबाट आएका विद्यार्थीहरूलाई टेवा (सपोर्ट) गर्नका लागि विद्यार्थी सहायता सम्बन्धी नियमावली तयार गरी विद्यार्थीहरूलाई काममा लगाइनेछ ।
- विभिन्न निकायहरूको जनशक्ति आवश्यकताको अध्ययन (ओ एण्ड एम) गराई आवश्यक जनशक्तिको दरबन्दीको विश्लेषण गरिनेछ र कार्यालय सहयोगीहरूलाई आउटसोर्सिङबाट लिने व्यवस्था गरिनेछ ।
- शिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि प्रशिक्षण सञ्चालन गर्ने र हरेक क्याम्पसको जनशक्ति विकास योजना तयार गरी सोही अनुसार शिक्षक र कर्मचारीको वृत्ति विकासको लागि तलबी विदामा पठाउने व्यवस्था गरिनेछ । यसरी अध्ययन विदामा बसी अध्ययन पूरा गरिसकेपछि अनिवार्य रूपमा जुन क्याम्पसबाट गएको हो सोही क्याम्पसमा कम्तीमा पनि पाँच वर्ष सेवा गर्नुपर्ने व्यवस्था गरिनेछ । यसका साथसाथै शिक्षाशास्त्र सङ्कायलाई पुनर्संरचना गरी यसलाई जनशक्ति विकास महाविद्यालय (School) को रूपमा विकास गर्ने नीति तय गरी यस सम्बन्धी विस्तृत योजना तयार गरिनेछ ।
- विश्वविद्यालय अन्तर्गतका निकायहरूमा जनशक्ति सूचना प्रणाली (Human Resource Information System) विकास गरिनेछ । समुदाय र उद्योगलाई जोड्ने पाठ्यक्रम तथा अनुसन्धानमूलक शिक्षण विधि प्रयोगमा ल्याइनेछ ।
- विश्वविद्यालयका विभिन्न निकायको दरबन्दीको पुनरावलोकन गरिनेछ ।

**शैक्षिक कार्यक्रम र पाठ्यक्रमतर्फ :**

- मौजुदा शैक्षिक कार्यक्रमहरूको पुनरावलोकन गरी पाठ्यक्रम अद्यावधिक गर्ने र मौजुदा वार्षिक प्रणाली अनुसार चल्ने शैक्षिक कार्यक्रमहरूलाई क्रमशः सेमेष्टर प्रणालीमा लैजानका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- चल्न नसक्ने शैक्षिक कार्यक्रमहरूलाई पुनरावलोकन गरी सम्बन्धित क्याम्पस वा विभागबाट हटाउने वा अर्को निकायको कार्यक्रममा गाभिनेछ ।
- अनुसन्धानमा आधारित मिश्रित मोडलमा कक्षा सञ्चालनको लागि आवश्यक पाठ्यक्रम विकास गरी जनजाति भाषाका विद्यालय स्तरका शिक्षकहरू उत्पादन गरिनेछ । मिश्रित मोडल सम्बन्धी नीतिगत निर्णय गरी शैक्षिक कार्यक्रम र कक्षा सञ्चालन गरिनेछ ।
- आयूर्वेद औषधि विज्ञान, लिबरल आर्टस् र होटल एशोसिएशनसँगको सहकार्यमा मिश्रित पद्धति अनुसार होटल व्यवस्थापनमा स्नातक तहको पाठ्यक्रम विकास गरिनेछ ।
- विशेष शैक्षिक कार्यक्रमहरू (Mountain Engineering, Mountain Risk Management, Climbing, High Altitude Training, High Altitude Sports, Mountain Tourism and Mountain Economy) र प्रशिक्षण कार्यक्रमहरूको पाठ्यक्रम निर्माण गरिनेछ ।
- श्रम बजारको माग अनुसार नन-क्रेडिट पाठ्यक्रमको विकास र सञ्चालन गरिनेछ ।

**पूनर्संरचना तर्फ :**

- विश्वविद्यालयको पूनर्संरचना गर्न ऐन, नियम र विनियमको संशोधन प्रक्रिया शुरू गरिनेछ । यसका साथसाथै उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको सुझाव अनुसार विश्वविद्यालयको पुनर्संरचना गरिनेछ ।
- केन्द्रीय कार्यालयको ओ एण्ड एम गरी पूनर्संरचना गरिनेछ ।
- केन्द्रीय विभागहरूलाई स्वायत्त महाविद्यालय (School) को रूपमा पूनर्संरचना गरिनेछ ।
- मौजुदा स्वायत्त नियम संशोधन गरी पहिलो चरणमा पृथ्वीनारायण क्याम्पस पोखरा, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगर र महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जलाई उपाधि दिने शैक्षिक संस्थाको रूपमा विकास गर्न तयारी गरिनेछ ।
- विश्वविद्यालय सम्बन्धन नीतिमा संशोधन गरिनेछ । संशोधित नीति अनुरूप क्याम्पसहरूको सम्बन्धन सम्बन्धी उचित मापदण्ड निर्धारण गरिनेछ र सम्बन्धनप्राप्त क्याम्पसहरूलाई नयाँ कार्यक्रम थपको लागि गुणस्तर सुनिश्चितता र प्रत्यायनप्राप्त क्याम्पसहरूलाई उच्च प्राथमिकता दिइनेछ ।
- सम्बन्धन प्राप्त कार्यक्रमहरूको सम्बन्धन खारेज गर्ने र सामुदायिक क्याम्पसहरूबीच, निजी क्याम्पसहरूबीच र निजी क्याम्पसहरू सामुदायिक क्याम्पसमा परस्पर गाभिने नीति अबलम्बन गरिनेछ, तर यसो गर्दा सामुदायिक क्याम्पस निजी क्याम्पसमा गाभिने छैनन् । त्यस्तै काठमाडौं उपत्यका बाहिरका क्याम्पस काठमाडौं उपत्यका भित्रका क्याम्पसमा पनि गाभिन सक्नेछैनन् । तर काठमाडौं उपत्यका भित्रका क्याम्पस भने काठमाडौं उपत्यका बाहिरका क्याम्पसमा गाभिन सक्नेछन् । गाभिएर बनेको नयाँ क्याम्पस काठमाडौं उपत्यका भित्र रहन सक्ने छैनन् ।

**विद्युतीकरण र प्रविधिको एकीकरणतर्फ :**

- विश्वविद्यालयको सूचना प्रविधि नीति, २०८० प्रभावकारी रूपमा लागू गर्ने तयारी गरिनेछ ।
- इन्टरनेटको कनेक्टिभिटीलाई बढाइनेछ र विश्वविद्यालयका सबै निकायमा वाइफाइ क्षेत्रको स्थापना गरिनेछ ।
- डेटा सेन्टरको अभिवृद्धि गरिनेछ, विश्वविद्यालय तहमा इन्ट्रानेटको विकास र क्लाउड सेवाको प्रबर्द्धन गरिनेछ ।
- सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System) र शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Education Information Management System)लाई अनिवार्य गरिनेछ ।
- शिक्षक-कर्मचारीहरूमा विद्युतीय साधन प्रयोगको क्षमता अभिवृद्धि गरी विद्युतीय शैक्षिक सामग्रीको विकास गरिनेछ र कक्षाकोठामा श्रव्य र दृश्य सामग्रीको प्रयोगका लागि प्रोत्साहन गरिनेछ ।
- विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा र इञ्जिनियरिङ अध्ययन संस्थान पुल्चोकमा भएको Eduroam सुविधालाई क्रमशः सबै आङ्गिक क्याम्पसहरूमा विस्तार गरिनेछ ।
- विश्वविद्यालयमा विद्यमान Super computer लाई Remotely काम गर्नसक्ने बनाई सबै आङ्गिक क्याम्पसहरूको पँहुचमा पुऱ्याइनेछ ।
- विद्यमान अवस्थाको विद्यार्थी र शिक्षक-कर्मचारीहरूको परिचयपत्रलाई सिमप्रणालीमा विकास गरी सम्पूर्ण डेटा व्यवस्थित गरिनेछ ।
- सम्पूर्ण आङ्गिक क्याम्पसका पुस्तकालयहरूलाई स्वचालित प्रणालीमा लगी विद्युतीय सामग्री (E-Source)को प्रबर्द्धन गरिनेछ ।
- विश्वविद्यालयको विद्युतीय प्रणालीको सूचना तथा अभिलेखका लागि आफ्नै आन्तरिक सर्भर राखिनेछ र यसका अतिरिक्त नेपाल सरकारको Government Integrated Data Center (GIDC)सँग संझौता गरी सूचना तथा अभिलेख राखिनेछ ।

**अनुसन्धान र प्रकाशनतर्फ :**

- अनुसन्धानका लागि अनुसन्धान कोष (Endowment Fund) को मूल रकमलाई क्रमशः बृद्धि गरिनेछ र अनुसन्धान गर्न आवश्यक श्रोत र साधनको लागि नेपाल सरकार र विश्वविद्यालय अनुदान आयोगसँग सहकार्य गरी राष्ट्रिय प्राथमिकता क्षेत्रमा अनुसन्धान गरिनेछ ।
- अनुसन्धान निर्देशनालयको पुनः संरचना गरी यसको भूमिकालाई पूनरावलोकन गरिनेछ र अनुसन्धान परियोजनाबाट प्राप्त बजेटको खर्च सम्बन्धी निर्देशिकालाई संशोधन गरी व्यावहारिक बनाइनेछ ।
- अनुसन्धान कार्यलाई पदोन्नति र जीवनवृत्तिसँग आबद्ध गरी प्राध्यापकहरूलाई अनुसन्धान र नवप्रबर्तनमा लगनशील हुन प्रोत्साहन गरिनेछ ।
- हरेक केन्द्रीय विभाग, क्याम्पस प्रमुख, अध्ययन संस्थान र सङ्काय प्राध्यापकहरूलाई Academic Audit मा सहभागी हुन अभिप्रेरित गरिनेछ र यसलाई क्रमशः अनिवार्य गरिनेछ ।
- अनुसन्धानको नतिजा उच्चस्तरीय अन्तरराष्ट्रिय जर्नलमा प्रकाशन गर्न र अन्तरराष्ट्रिय प्राज्ञिक गोष्ठी-सभामा भाग लिन जान विश्वविद्यालयका प्राध्यापकहरूलाई प्रोत्साहन गरिनेछ र विदेशी विश्वविद्यालय-अनुसन्धान केन्द्रसँग गरिने सहकार्यात्मक अनुसन्धानलाई प्राथमिकता दिइने र यसको सञ्चालन र व्यवस्थापनलाई सहज बनाइनेछ ।
- अनुसन्धानलाई शिक्षणको अभिन्न अङ्गको रूपमा विकास गरिनेछ र यसका लागि हरेक आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूद्वारा आफ्नो आम्दानी-खर्चको निश्चित प्रतिशत अनुसन्धानको लागि विनियोजन गरिनेछ ।
- प्रत्येक डीन कार्यालयहरूमा Research and Placement Cell रहने व्यवस्था गरिनेछ । यसले सम्बन्धित डीन अन्तर्गतका

विद्यार्थीहरूलाई रोजगारसम्बन्धी परामर्श दिने व्यवस्था गर्नेछ र विश्वविद्यालयका विभिन्न विभाग र महाविद्यालयहरूमा भएका Incubation Centre लाई अधिकतम उपयोग गरी विद्यार्थीहरूमा नयाँ व्यवसाय सम्बन्धी ज्ञान दिई उद्यमी (Entrepreneur) बन्नलाई प्रोत्साहन गरिनेछ ।

- अनुसन्धानको आचरण समीक्षा बोर्ड (Ethical Review Board)लाई क्रियाशील बनाई, विश्वविद्यालयबाट हुने अनुसन्धान गर्नको लागि अनिवार्य रूपमा बोर्डबाट अनुमति लिने व्यवस्था गरिनेछ ।

**भौतिक पूर्वाधारतर्फ :**

- विगत वर्षमा अधुरो रहेका भौतिक निर्माणलाई पहिलो प्राथमिकता दिइनेछ र त्यसपछि अध्ययन र अनुसन्धानका लागि आवश्यक प्रयोगशालाको न्यूनतम आवश्यक उपकरण खरीदको लागि दोस्रो प्राथमिकता र मर्मत संभारलाई अवस्था हेरेर तेस्रो प्राथमिकता दिइनेछ ।
- सबै विभाग, क्याम्पस र स्कूलहरूको मौजुदा भौतिक सुविधाको मूल्याङ्कन गरिनेछ ।
- स्वायत्त र उपाधि दिने क्याम्पसहरू (पृथ्वीनारायण क्याम्पस पोखरा, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगर, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज)को स्कूल तथा अन्य आवश्यक न्यूनतम भौतिक सुविधाको मूल्याङ्कन गरिनेछ र यो आर्थिक वर्षमा एक-एक स्कूलको लागि आवश्यक भवन निर्माणको थालनी गरिनेछ ।
- उपकुलपति कार्यालयमा भएको सभा हललाई अन्तरराष्ट्रिय स्तरको सभा हलको रूपमा विकास गरिनेछ ।
- त्रिवि केन्द्रीय कार्यालय र क्याम्पस परिसरमा चमेनागृहको निर्माण कार्य शुरू गर्नुका साथै अन्तरराष्ट्रिय आवास गृहको निर्माण प्रक्रिया पनि थालनी गरिनेछ ।
- सेवा आयोगले प्रयोग गरी छाडेको भवन मर्मत गरी महिला छात्रावासको लागि प्रयोग गरिनेछ ।
- नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयसँग सहकार्य गरी विश्वविद्यालयमा खेलकुदका लागि आवश्यक भौतिक सुविधाको विकास गरिनेछ ।

**विश्वविद्यालयको सम्पति र स्रोत परिचालन :**

- त्रिभुवन विश्वविद्यालयको सम्पत्तिको खोजी गरी विश्वविद्यालयको नाममा ल्याइनेछ । यसको संरक्षण र अभिलेखीकरण गरिनेछ । व्यावसायिक दृष्टिकोणले महत्वपूर्ण स्थानका जग्गालाई सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुसार परिचालन गरिनेछ ।
- विश्वविद्यालयका शिक्षक-कर्मचारीहरूको निवृत्तिभरणका लागि आवश्यक बजेट नेपाल सरकारबाट प्राप्त गर्नका लागि निरन्तर प्रयास गरिनेछ ।
- छात्रवृत्तिलाई व्यवस्थित गर्न मौजुदा नियममा संशोधन गरी छात्रवृत्ति सम्बन्धी नियम बनाइनेछ र आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई टेवा दिन तथा विश्वविद्यालयको स्थायी रूपमा उपरी (Overhead) खर्चलाई कम गर्नका लागि विद्यार्थी सहायता नियम बनाई विद्यार्थी सहायता कार्यक्रम लागू गरिनेछ । यसका साथसाथै प्रत्येक क्याम्पसहरू, महाविद्यालयहरू, डीन कार्यालयहरू, परीक्षा नियन्त्रण कार्यालय, केन्द्रीय क्याम्पस कीर्तिपुर र त्रिवि केन्द्रीय कार्यालयमा सेवाग्राहीहरूको सिकायत व्यवस्थापन गर्न र उनीहरूलाई परामर्श दिनका लागि संस्थागत व्यवस्था गरिनेछ ।
- विद्यार्थीहरूबाट परिचालन गर्न सकिने स्रोत परिचालन सम्बन्धी योजना तय गरी मौजुदा शुल्क संरचनाको पुनरावलोकन गरिनेछ ।
- मौजुदा अनुसन्धान र परामर्श सेवा सम्बन्धी नियम, निर्देशिकामा संशोधन गरी अनुसन्धान र परामर्श कार्यलाई सरलीकृत गरेर अनुसन्धान र परामर्शबाट विश्वविद्यालयको स्रोत बढाउन प्रयास गरिनेछ ।
- विभाग, स्कूल र क्याम्पसहरूले सञ्चालन गरेका आन्तरिक स्रोतद्वारा सञ्चालित कार्यक्रमको अनुगमन गरिनेछ र मितव्ययिता कायम गरिनेछ । यस्ता कार्यक्रम सञ्चालन गर्न तयार गरिएको संस्थागत संरचनाको पुनरावलोकन गरिनेछ ।
- बाह्य स्रोत परिचालन गर्नका लागि पूर्व विद्यार्थीहरू (TU Alumni)लाई परिचालन गरिनेछ । महत्वपूर्ण पेशा र ओहदामा भएका पूर्व विद्यार्थीहरू पहिचान गरी स्रोत परिचालन गरिनेछ ।
- नेपाल सरकारको नीति कार्यान्वयनमा सहयोग गर्नु विश्वविद्यालयको दायित्व हो । तर विश्वविद्यालयले सरकारको नीति कार्यान्वयन गर्न लाग्ने खर्च नेपाल सरकारले विश्वविद्यालयलाई दिनुपर्दछ भन्ने विश्वविद्यालयको धारणा छ । त्यसैले विश्वविद्यालयले पिछडिएका वर्गका विद्यार्थीहरूलाई दिइने छात्रवृत्तिको शोधभर्ना गर्नुपर्दछ । यस सम्बन्धमा नेपाल सरकारसँग समझदारीपत्रमा हस्ताक्षर गर्ने प्रयास गरिनेछ ।
- कमाउँदै सिक भन्ने अवधारणा सम्बन्धी नीति निर्माण गरी विशेष गरेर कृषि र पशु विज्ञान अध्ययन संस्थान र वन विज्ञान अध्ययन संस्थानमा लागू गरिनेछ । यो अवधारणा क्रमशः अन्य संस्थान र सङ्कायहरूमा पनि लागू गरिनेछ ।
- विश्वविद्यालयले बाह्य स्रोत परिचालन गर्न र विद्यार्थीहरूलाई कार्य क्षेत्रको वास्तविक अवस्थाको ज्ञान दिन तथा बजारमुखी पाठयक्रम र कार्यक्रम निर्माण गर्नका लागि निजी क्षेत्र (Corporate Bodies) र स्थानीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- विश्वविद्यालय छापाखाना (University Press)लाई आधुनिकीकरण गरी उत्पादन लागत प्रभावकारी बनाइनेछ ।

**अनुगमन, गुणस्तर नियन्त्रण र सुशासनतर्फ :**

- मौजुदा अनुगमन निर्देशनालयलाई पुनर्संरचना गरी थप प्रभावकारी बनाइनेछ ।

- पाठ्यक्रम विकास केन्द्रको भूमिकालाई पुनरावलोकन गरी यसको पुनर्संरचना गरिनेछ र समकक्ष प्रमाणपत्र दिने प्रक्रियालाई सरल र व्यावहारिक वनाइनेछ ।
- आङ्गिक क्याम्पसहरूलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियामा जान प्रोत्साहित गरिनेछ र सबै प्राज्ञिक निकायहरूमा आवधिक बाह्य प्राज्ञिक सम्परीक्षण (External Academic Audit) गर्ने व्यवस्थाको थालनी गरिनेछ ।
- विश्वविद्यालयले प्रदान गर्ने विद्यावारिधि उपाधिको गुणस्तर सुनिश्चित गर्न यस सम्बन्धी नियम र कार्यविधिको पुनरावलोकन गरिनेछ ।
- उपलब्ध भौतिक सुविधा अनुसार आङ्गिक क्याम्पसहरूले सञ्चालन गरेका सबै तहका शैक्षिक कार्यक्रमहरूमा इन्टेक लिनसक्ने विद्यार्थी सङ्ख्या निर्धारण गरिनेछ ।
- प्राज्ञिक लेखन र प्रकाशनहरूको बौद्धिक चोरी परीक्षणमा देखिएको बौद्धिक चोरीको दर्ता शिक्षाध्यक्षको कार्यालयमा हुने व्यवस्था गरिनेछ ।
- विश्वविद्यालयको अफिसियल वेबपेजलाई अन्तरक्रियात्मक (Interactive) बनाई अन्तरराष्ट्रिय समुदायलाई विश्वविद्यालय सम्बन्धी सूचना प्रवाह गरिनेछ ।

**अन्तरराष्ट्रियकरण र विश्वश्रेणीकरणतर्फ :**

- विश्वविद्यालयको अन्तरराष्ट्रियकरण गर्नका लागि उच्च श्रेणी (High Ranking)मा पर्ने विश्वका विश्वविद्यालयहरूसँग औपचारिक सम्बन्ध गाँसिनेछ र सम्बन्ध भैसकेका विश्वविद्यालयहरूको सम्बन्धलाई पुनरावलोकन गरिनेछ । सम्बन्ध भएका विश्वविद्यालयहरूसँग सहकार्यको लागि कार्य योजना बनाई काम गरिनेछ ।
- विश्वविद्यालयहरूको श्रेणीकरण (Ranking) गर्ने अन्तरराष्ट्रियकरण एजेन्सीहरूसँग सम्बन्ध राखिनेछ र श्रेणीकरणका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।
- अन्तर विश्वविद्यालय भार हस्तान्तरण (Credit transfer)को व्यवस्था गरिनेछ ।
- विदेशी विश्वविद्यालयहरूसँग संयुक्त र द्वय उपाधि (Joint and dual degree) कार्यक्रम अभिवृद्धि गरी सम्बन्धित शैक्षिक कार्यक्रममा अन्तरराष्ट्रिय विषयका विषयवस्तु समावेश गरिनेछ ।
- अन्तरराष्ट्रिय सम्बन्धलाई सुदृढ गरी विश्वविद्यालयको द्विपक्षीय समझदारीपत्र र प्रवेशाज्ञाको प्रक्रियामा एकद्वार नीति अवलम्बन गरिनेछ ।

**चुनौती र अवसर :**

**अध्यक्ष महोदय तथा विद्वान् सभासद्ज्यूहरु**

त्रिभुवन विश्वविद्यालय समयको आवश्यकता अनुसार योजनाबद्ध रूपमा नीति र कार्यक्रम तर्जुमा गरी अघि बढिरहेको छ । तथापि ती नीति तथा कार्यक्रम सञ्चालन गर्ने क्रममा धेरै चुनौतीहरूको सामना गर्नु परिरहेको छ, जुन निम्नानुसार छन् ।

- विश्वविद्यालयमा सञ्चालित कार्यक्रम र उपलब्ध स्रोतसाधनका बीचमा ठूलो अन्तर सिर्जना भएको छ र उक्त अन्तर दिनानुदिन बढ्दो छ । विश्वविद्यालयले सामना गर्नुपर्ने प्रमुख चुनौतीमध्ये आर्थिक स्रोतसाधनको सीमितता एक हो । त्रिभुवन विश्वविद्यालयको आम्दानीको प्रमुख स्रोत भनेको नेपाल सरकारबाट प्राप्त हुने अनुदान, विद्यार्थीहरूबाट प्राप्त हुने प्रवेश शुल्क, दर्ता शुल्क, शिक्षण शुल्क, परीक्षा शुल्क आदि र सम्बन्धन प्राप्त कलेजहरूबाट प्राप्त हुने सम्बन्धन शुल्क, नवीकरण शुल्क, सेवा शुल्क, राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुसन्धान अनुदान आदि हुन् । त्रिभुवन विश्वविद्यालयले विश्व बजारमा सजिलै प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्न नियमित रूपमा सञ्चालन गर्दै आएका शैक्षिक कार्यक्रमका साथै बजारको माग र श्रम बजार अभिमुख धेरै कार्यक्रमहरू सञ्चालन गर्दैजाँदा त्रिभुवन विश्वविद्यालयका क्याम्पस र निकायहरूको खर्च दिनानुदिन बढ्दै गएको छ । यो चुनौतीको सामना गर्न सरकारबाट उपलब्ध हुने साधनस्रोतमा वृद्धि गर्नुपर्ने आवश्यकता छ ।
- त्रिभुवन विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालय-सरकारी विश्वविद्यालयका रूपमा स्वीकार गरेको भएता पनि विश्वविद्यालयको कूल खर्चको ५० प्रतिशत भन्दा पनि कम हिस्सा मात्र सरकारी अनुदानबाट व्यहोरिँदै आएको छ । विशेषतः विश्वविद्यालयमा कार्यरत जनशक्तिको तलबभत्ताको रकम मात्रै नेपाल सरकारले व्यहोर्ने गरेको छ । सर्वसुलभ उच्च शिक्षाको नेपाल सरकारको दायित्वलाई यस विश्वविद्यालयले वहन गरिरहेको अवस्थामा खर्चको दायित्वलाई नेपाल सरकारले पूर्ण रूपमा वहन गर्न नसकेको यथार्थ सम्माननीय प्रधानमन्त्री तथा यस विश्वविद्यालयका कुलपतिज्यूलाई निवेदन गर्न चाहन्छु ।
- अवकाशपछि शिक्षक-कर्मचारीलाई अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने उपदान र निवृत्तिभरणको व्यवस्थापन त्रिविका लागि अत्यन्तै ठूलो चुनौती बनिरहेको छ । सेवानिवृत्त शिक्षक तथा कर्मचारीहरूको सङ्ख्यामा दिनानुदिन वृद्धि हुँदै जाँदा हरेक वर्ष जुन ढङ्गले निवृत्तिभरण र उपदानको खर्च बढिरहेको छ विश्वविद्यालयको आन्तरिक श्रोतले मात्र मासिक निवृत्तिभरण भुक्तानी असम्भव हुँदै गएको तथ्य विद्वान सभासद्ज्यूहरू समक्ष निवेदन गर्न चाहन्छु ।
- त्रिविको अधिकांश आम्दानी उपदान, निवृत्तिभरण, सञ्चित विदा र औषधिउपचारजस्ता शीर्षकमा खर्च भइरहेको अवस्थाले देशलाई आवश्यक उद्यमशिलता उन्मुख प्राविधिक विषयका कार्यक्रम सञ्चालनमा ल्याउन तथा प्राज्ञिक एवम् अनुसन्धानमूलक कार्य अगाडि बढाउन कठिनाइ भइरहेको छ । यसबाट त्रिविलाई मुक्त गर्न ऐनमा आवश्यक परिमार्जन गरी निवृत्तिभरण लगायत्का

शीर्षकमा बजेटको व्यवस्थाका लागि सम्माननीय प्रधानमन्त्री एवम् कुलपतिज्यू समक्ष अनुरोध गर्दछु ।

- न्यून बजेट विनियोजनका कारण अनुसन्धानमा तिब्रता आउन सकिरहेको छैन । विश्वविद्यालयले सञ्चालन खर्च घटाई आन्तरिक आम्दानीको केही प्रतिशत रकम अनुसन्धान कार्यमा छुट्याएर साना अनुसन्धान कार्यलाई निरन्तरता दिने नीति अङ्गिकार गरेको भए पनि आम्दानीको ठूलो हिस्सा उपदान, निवृत्तिभरण, संचित बिदाको रकम भुक्तानी र औषधिउपचार खर्चजस्ता शीर्षकमा छुट्याउनु पर्ने बाध्यात्मक अवस्था भएको हुँदा विश्वविद्यालयले चाहेअनुसार अनुसन्धान कार्यमा प्रगति हुन नसकेको हो । विगत तीन वर्षदेखि सरकारले अनुसन्धानमा वार्षिक दश करोड रकम मात्रै विनियोजन गर्दै आएको छ । उक्त रकम अनुसन्धानका लागि अत्यन्तै न्यून भएकाले आगामी दिनमा बढाउँदै जानका लागि अनुरोध गर्दछु । नेपाल सरकारबाट नीतिगत अनुसन्धान, खासगरी राष्ट्रिय प्राथमिकताको क्षेत्रमा अनुसन्धान, शुरू भएको र ती अनुसन्धानबाट प्राप्त नतिजा समेत् प्रकाशन हुनथालेको व्यहोरा समेत् निवेदन गर्दछु ।
- सरकारबाट विकास बजेट अत्यन्तै कम प्राप्त हुनेगरेका कारणले विश्वविद्यालयका जीर्ण संरचनाको नवनिर्माण र पुनर्निर्माणको काममा गतिशिलता आउन सकेको छैन । २०७२ सालको विनाशकारी भूकम्पमा क्षति भएका केही क्याम्पस तथा कार्यालयका भवनहरूको जीर्णोद्धार र पुनर्निर्माण गरिएको भएता पनि अधिकांश निकायका भवनहरूको जीर्णोद्धार र पुनर्निर्माण गर्न आर्थिक अभावका कारण सम्भव भएको छैन । विद्यार्थी, प्राध्यापक र कर्मचारीले जोखिमपूर्ण भवनमा पठनपाठन गर्नु तथा सेवाप्रवाह गर्नुपर्ने बाध्यताको अन्त्य भएको छैन ।
- लामो समयदेखि विश्वविद्यालयलाई आवश्यक जनशक्तिको स्थायी पदपूर्ति हुननसक्नु र दिनानुदिन सेवानिवृत्त हुने सङ्ख्यामा तीव्र वृद्धि भइरहनुले मौजुदा मानव संसाधनबाट मात्रै अध्ययन-अध्यापन लगायत् नियमित प्रशासनिक कार्य सञ्चालन गर्न अत्यन्तै कठिन भइरहेको छ ।

**सुधारका लागि गरिएका प्रयास र आगामी दिनमा गरिने कार्यहरु**

**अध्यक्ष महोदय एवम् विद्वान् सभासद्ज्यूहरु**

विद्यमान चुनौतीहरूको सामना गर्न त्रिभुवन विश्वविद्यालयबाट विभिन्न सुधारका प्रयासहरू हुँदै आएका छन् । सुधारका लागि गरिएका प्रयास र आगामी दिनमा गरिने कार्यहरू संक्षिप्त रूपमा प्रस्तुत गरेको छु ।

- बजारको माग अनुरूपका नयाँ शैक्षिक कार्यक्रमहरू सञ्चालनमा त्रिविले आफ्नो आन्तरिक स्रोतको दायरा फराकिलो बनाउँदै उपलब्ध सीमित स्रोत र साधनलाई अधिकतम सदुपयोग गरी आफ्ना दायित्वहरू पूरा गर्दै आएको छ । स्कूलको अवधारणालाई कार्यान्वयनमा ल्याई एकै प्रकृतिका केन्द्रीय विभागहरूलाई सम्बन्धित स्कूलमा समायोजन गरिनेछ ।
- विद्यमान उच्च शिक्षालाई जीवनोपयागी शिक्षा बनाउन उद्यमशीलतासँग जोडिने व्यावसायिक र प्राविधिक विषयका कार्यक्रमहरू थप गरिनेछ । विद्यार्थीहरूको समय खेर जान नदिन १२ कक्षाको नतिजा प्रकाशन हुनेवित्तिकै तथा हरेक भाद्र महिनादेखि स्नातक तहमा भर्ना कार्यक्रम शुरू गर्नुका साथै स्तरीय शिक्षण-सिकाइ अवधि, परीक्षा सञ्चालन र नतिजा प्रकाशन मिति समेत् तोकेर शैक्षिकपात्रोलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । विगतमा कोभिड सङ्क्रमणका कारणले बिथोलिएको शैक्षिकपात्रो अब क्रमशः लयमा आउन थालेको तथ्य निवेदन गर्न चाहन्छु । मौजुदा मानव संसाधनबाट शैक्षिक तथा प्रशासनिक कार्यहरू तोकिएको समयमा सम्पादन गर्न उच्चतम प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिएको छ । यस अन्तर्गत त्रिभुवन विश्वविद्यालयले तोकिएका विद्युतीय माध्यमबाट अनलाइन तथा भर्चुअल शिक्षण-सिकाइ कार्यलाई निरन्तरता दिइनेछ । शैक्षिक तथा वित्तीय प्रशासनलाई चुस्तदुरूस्त बनाउन त्रिवि शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (TUEMIS), कार्यालय स्वचालित प्रणाली (Office Automation), विद्युतीय हाजिरी, आर्थिक सुदृढीकरणका लागि विद्युतीय एकीकृत आर्थिक व्यवस्थापन सूचना प्रणाली -Integrated Financial Management Information System (e-IFMIS) लाई कार्यान्वयनमा ल्याइएको छ । आगामी वर्ष उक्त सफ्टवेयरहरूमा समयानुकूल थप परिमार्जन र आवश्यकता अनुसारका नयाँ सफ्टवेयरहरू निर्माण गरिनेछ । शिक्षक तथा कर्मचारीको स्वास्थ्य उपचार सम्बन्धी विनियम पारित भइसकेको छ । यसका लागि आवश्यक सफ्टवेयर तयार गरी कार्यान्वयन शुरू गरिसकिएको छ ।
- शैक्षिकपात्रो अनुसार परीक्षाफल प्रकाशन गर्ने र यसका लागि परीक्षा सम्बन्धी निर्माणाधीन एपको निर्माण समयमै सम्पन्न गरी परीक्षाका सबै कार्यमा प्रयोग गरिनेछ । यसमा परीक्षा नियन्त्रण कार्यालयमा राखिने विद्यार्थीहरूको अभिलेखलाई पूर्णतः विद्युतीकरण गर्ने, आवेदन फारम अनलाइन भर्ने, सेवाशुल्क अनलाइनबाट तिर्ने, विद्यार्थीहरूको ट्रान्सक्रिप्ट सम्बन्धित क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयले अनलाइन प्रिन्ट गरी सोही कार्यालयबाट वितरण गर्ने, उत्तरपुस्तिका संकलन, परीक्षण वितरण, सम्परीक्षण गरेबापतको भुक्तानी आदि परीक्षासम्बन्धी कार्यलाई क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयहरूमा विकेन्द्रीकरण गर्ने गरी उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण लगायत्का कार्यहरूलाई वैज्ञानिक तवरले अगाडि बढाइएको छ ।
- परीक्षा नियन्त्रण कार्यालयको संगठनात्मक संरचना र मानव संसाधनको विद्यमान व्यवस्थामा पुनर्संरचना गरी क्रमशः क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयहरूलाई नतीजा प्रकाशन

पूर्व गरिने संपूर्ण कार्यहरूमा संलग्न गराइनेछ । परीक्षासँग सम्बन्धित कामहरूको वार्षिक कार्ययोजना बनाई कार्यान्वयमा ल्याइने व्यवस्था गरिएको छ । परीक्षासँग विद्यमान विभिन्न सफ्टवेयरहरूलाई क्रमशः विस्थापन गरी त्रिवि एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (TUEMIS)को प्रयोगमा प्रोत्साहित गर्ने र कार्य सम्पादनको आधारमा पुरस्कार र दण्ड दिने व्यवस्था मिलाएको छु ।

- त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयले ई-पुस्तकालयको अवधारणा अन्तर्गत रिमोट एक्सेस् (Remote access) सिस्टममार्फत् प्रोक्वेस्ट (ProQuest) लगायत् अन्य खुला तथा निःशुल्क रूपमा उपलब्ध डाटाबेसहरूको सेवा शुरू गराउँदै आएकोमा हाल इब्स्कोहोस्ट (EBSCOHost) डाटाबेस थप गरी सेवा प्रदान गर्दै आएको छ । आफ्नो छुट्टै डिजिटल लाईब्रेरी निर्माण गर्ने क्रममा हालसम्म १६ हजारभन्दा बढी शोधपत्रहरू डी-स्पेस सफ्टवेयरमा राखी ओपन एक्सेस् मार्फत् पाठकहरूले फुल टेक्स्ट डाउनलोड गर्न मिल्ने व्यवस्था गरिएको छ । त्रिविका सम्पूर्ण निकायका पुस्तकालयहरूमा प्रयोग हुँदै आएका सफ्टवेयरहरूमा एकरूपता ल्याउनका लागि एकीकृत पुस्तकालय व्यवस्थापन सफ्टवेयर (Integrate Library Management Software) निर्माण गरी पुस्तकालय अटोमेशन कार्यलाई निरन्तरता दिएको छु ।
- त्रिभुवन विश्वविद्यालयको प्राज्ञिक उत्कृष्टतामा आउन सक्ने समस्या निरूपण गर्नका लागि खरीद गरिएको बौद्धिक चोरी परीक्षण (Plagiarism check) सफ्टवेयर नवीकरण गरी विश्वविद्यालयका सबै निकायहरूबाट शोधपत्र, अनुसन्धान रिपोर्ट, लेखहरूको बौद्धिक चोरीसम्बन्धी परीक्षण गर्ने कार्यलाई निरन्तरता दिएको छु ।
- शैक्षिक, आर्थिक तथा प्रशासनिक कार्यमा प्रविधिको पहुँच विस्तार गर्दै दैनिक कार्य सञ्चालन गर्न उपत्यका बाहिरका आङ्गिक तथा सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसहरूमा Optical Fiber को सञ्जाल निर्माण गर्न नेपाल दुरसञ्चार प्राधिकरणसँग सम्झौता गरी निर्माण प्रक्रिया प्रारम्भ गरिएको छ ।
- बजेटको समुचित प्रयोगको प्रत्याभूतिका लागि पूँजीगत बजेटको सही प्रयोग यकिन गर्न योजना निर्देशकको संयोजकत्वमा एक उच्चस्तरीय अनुगमन समिति गठन गरी कार्यसम्पादन मूल्याङ्कन गरिनेछ ।

**अध्यक्ष महोदय एवम् विद्वान् सभासदज्यूहरु,**

- दृष्टिविहीन, अपाङ्ग, शहीद परिवार एवम् जनआन्दोलनका घाइते विद्यार्थीहरूलाई त्रिविले आङ्गिक क्याम्पस तथा विभागबाट विगतदेखि शुल्क मिनाहा गरी भर्ना लिँदै आएको कुरालाई पूर्व व्यवस्था अनुसार नै हुनेगरी निरन्तरता दिइएको छ । महिला, आदिवासी, जनजाति, दलित, सामाजिक, शैक्षिक र आर्थिक रूपमा पिछडिएका वर्गहरूको उच्चशिक्षामा सहभागिता वृद्धि गर्न गरीब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यो कार्यक्रम त्रिविका आङ्गिक क्याम्पसका साथै सम्बन्धनप्राप्त क्याम्पसमा पनि १० प्रतिशत पूर्ण निःशुल्क छात्रवृत्तिको व्यवस्थाका साथ यो वर्ष पनि निरन्तर हुने व्यहोरा निवेदन गर्दछु । साथै आव २०७३-०७४ बाट त्रिविले विद्यार्थीहरूको स्वास्थ्यउपचार कोष स्थापना गरी कार्यविधिका आधारमा कार्यान्वयनमा ल्याएको कामलाई आगामी वर्षहरूमा थप भरपर्दो र विश्वसनीय बनाउने नीति यथावत छ ।
- अतिरिक्त क्रियाकलाप अन्तर्गत उपकुलपति कप फुटबल प्रतियोगिता, क्याम्पस र अन्तर क्याम्पस स्तरीय भलिबल, टेबुलटेनिस, ब्याडमिन्टन, बास्केटबल, चेस, दौड आदि विविध प्रकारका विगतका खेलकुद क्रियाकलापलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु । यी गतिविधिलाई शैक्षिकपात्रोमा नै समावेश गरिएको व्यहोरा निवेदन गर्दछु ।

**आर्थिक समीक्षा**

त्रिभुवन विश्वविद्यालयको बेरूजु महालेखापरीक्षकको कार्यालयको ५७ औं वार्षिक प्रतिवेदन अनुसार रू.२८ अर्ब ६७ करोड १९ लाख ४९ हजार कायम भएको थियो । बेरूजुको न्यूनीकरणका लागि त्रिविले नयाँ रणनीति अवलम्बन गरेपश्चात् महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदनमा रू.९३ करोड ७६ लाख ६९ हजार थपसहित् रू.५ अर्ब ३४ करोड ८ लाख ३३ हजार सम्परीक्षण भई कूल बेरूजु जम्मा रू.२४ अर्ब २६ करोड ८७ लाख ८५ हजार बाँकी रहेको थियो । महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदनमा रू.२६ अर्ब ६८ करोड ३९ लाख ५१ हजार, ६० औं वार्षिक प्रतिवेदनमा रू.२६ अर्ब ४९ करोड ५१ लाख १० हजार हुँदै ६१ औं वार्षिक प्रतिवेदनसम्म आइपुग्दा जम्मा बेरूजु रू.२८ अर्ब ३२ करोड १६ लाख ३९ हजार कायम भएको छ । त्रिवि कार्यकारी परिषद्बाट निर्णय भई हालसम्म करीब रू.६ अर्ब बेरूजु सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा पठाइएकोमा महालेखापरीक्षकको कार्यालयले ऐन संशोधन गर्नुपर्ने भनी सम्परीक्षण कार्य स्थगित गरेका कारणले आव २०७८-०७९, आ. व. ०७९-०८०, र आ. व. ०८०-०८१ मा पनि कुनै पनि बेरूजु सम्परीक्षणबाट फछ्र्यौट हुनसकेन । तसर्थ कायम रहेको बेरूजु सम्परीक्षण नहुने र बेरूजु थप हुँदैजाने गरेकोले बेरूजु रकम बढन गएको देखिन्छ । उक्त बेरूजु सम्परीक्षण भएपश्चात् त्रिभुवन विश्वविद्यालयको कूल बेरूजुमा कमी आउनेछ ।

- आव २०७९-०८० को लेखापरीक्षण गर्नुपर्ने इकाइ जम्मा १८१ कायम गरिएकोमा परियोजनाहरूलाई समायोजन गरी र आर्थिक कारोबार नै बन्द खारेज भएका इकाइहरूको सङ्ख्या घटाई आव २०८०-०८१ मा लेखापरीक्षण गर्नुपर्ने इकाइको सङ्ख्या १६२ कायम गरिएको छ । आव २०७९-०८० सम्मका सबै इकाइको आन्तरिक लेखापरीक्षण सम्पन्न भइसकेको

व्यहोरा अवगत गराउँदछु । बेरूजु शून्य गराउने इकाइलाई प्रदान गरिने प्रोत्साहन पुरस्कार सम्बन्धी विगतमा अख्तियार गरेको नीतिलाई निरन्तरता दिएको छु ।

- आव २०७९-०८० को यथार्थ खर्च निवृत्तिभरण र उपदानका लागि जम्मा रू.२ अर्ब ९९ करोड १५ लाख ६७ हजार ६५८ र औषधिउपचार र सञ्चित विदाका लागि रू.९४ करोड ८९ लाख ९३ हजार ६१० गरी जम्मा रू.३ अर्ब ९४ करोड ०५ लाख ६१ हजार २६८ खर्च भएको छ । यो खर्च आव २०८०-०८१ मा उक्त शीर्षकहरूमा संशोधित अनुमानित खर्च रू.४ अर्ब ५० करोड पुगेको छ । यो भार बढेर आव २०८१-०८२ मा उक्त शीर्षकहरूमा जम्मा रू.५ अर्ब २५ करोड लाग्ने प्रस्ताव गरेको छु ।

**सम्माननीय अध्यक्ष महोदय एवम् विद्वान् सभासदज्यूहरु**

खर्च कटौती तथा आर्थिक स्रोत पहिचान र परिचालन सम्बन्धमा निम्न व्यवस्था मिलाएको छु ।

विश्वविद्यालयको आर्थिक तथा मानव संसाधनजन्य जटिलता तथा कार्यसम्पादन लक्ष्यलाई ध्यानमा राखी विश्वविद्यालयले आव २०८०-०८१ मा अवलम्बन गरिरहेको खर्च कटौतीका औजारलाई आव २०८१-०८२ मा समेत् निरन्तरता दिने व्यवस्था मिलाएको छु । आर्थिक सुशासन र पारदर्शितालाई केन्द्रमा राखेर कार्यसम्पादन गर्न सबैलाई प्रोत्साहन गरिनेछ । आर्थिक स्रोत परिचालन गर्नका लागि आन्तरिक तथा बाह्य स्रोत पहिचानमा उच्च प्राथमिकता दिइनेछ । परिस्थिति तथा आवश्यकता अनुसार तत्कालीन नीति तथा कार्यविधि लागू गर्नुपर्ने अवस्थामा उच्चस्तरीय समिति गठन गरी कार्यकारी परिषदबाट पारित गराई लागू गर्न सकिनेछ ।

- विभिन्न अध्ययन संस्थान तथा सङ्कायमा सञ्चालित Self-sustained Program को आय-व्यय पारदर्शी र प्रभावकारी बनाउन आवश्यक नीति तथा कार्यविधि परिवर्तन र परिमार्जन गरिनेछ ।
- विश्वविद्यालयलाई क्रमशः प्रविधिमैत्री बनाउँदै लगिएको सन्दर्भमा भौतिक रूपमा उपस्थित नभई नहुने अवस्थामा बाहेक विभिन्न समयमा हुने बैठक तथा अन्तरक्रियात्मक कार्यक्रम Virtual रूपमा सञ्चालन गरी काज भ्रमणलाई निरूत्साहन गरिनेछ ।
- आर्थिक वर्ष २०८१-०८२ मा विश्वविद्यालयको आर्थिक व्ययभार पर्ने गरी कुनै पनि वैदेशिक (विदेश) भ्रमण गर्न नपाइने व्यवस्था मिलाइएको छ ।
- अत्यावश्यक कार्य (परीक्षा सञ्चालन र अस्पताल प्रयोजन)का लागि नभै नहुने अवस्थाबाहेक अन्य कार्यका लागि सवारीसाधन तथा अन्य सामान खरीद सुविधा दिने कार्यलाई निरूत्साहित गरिनेछ । सवारीसाधन खरीद र कुनै पनि निकायका नियमित प्रयोगशाला तथा अन्य प्रयोजनका निम्ति प्रयोग हुने पेट्रोलियम पदार्थको खपतलाई कम गरी हरित उर्जा (Green Energy) प्रयोगलाई प्रोत्साहन गर्दै जाने नीति अवलम्बन गरिनेछ ।
- एकै प्रकृतिका केन्द्रीय विभागहरूको प्रशासनिक खर्च कटौति गर्न विभिन्न विभागलाई समायोजन गरी स्कूलको अवधारणामा जाने नीति विश्वविद्यालयले अङ्गिकार गरिसकेको सन्दर्भमा त्यसलाई कार्यान्वयनमा ल्याउन ठोस कदम चालिनेछ । यसबाट पनि सञ्चालन खर्चमा न्यूनीकरण हुने विश्वास लिएको छु ।

**बजेटका प्राथमिकताहरु :**

सम्माननीय अध्यक्षज्यू तथा विद्वान् सभासदज्यूहरू

आर्थिक वर्ष २०८१-०८२ मा त्रिविको बजेटले अङ्गिकार गरेका प्राथमिकताहरू उल्लेख गर्न चाहन्छु । बजेटको प्राथमिकीकरण निर्धारण गर्ने क्रममा त्रिविले अघि सारेका नीति र विद्यमान चुनौतिहरूलाई आधार बनाएको छु ।

- सुचना प्रविधि प्रयोगको विस्तार गर्दै शिक्षण-सिकाइ, अनुसन्धान, परीक्षा व्यवस्थापन र आर्थिक तथा प्रशासनिक सुशासनमा जोड दिने ।
- कार्य सम्पन्न नभई थाती रहेका विकास निर्माण कार्य सम्पन्न गर्न प्राथमिकता दिने तथा पूनर्निर्माणमा जोड दिने ।
- अनुसन्धान कार्यलाई प्रभावकारी र स्तरीय बनाउने र नेपाल सरकारको प्राथमिकताका क्षेत्रमा अनुसन्धान केन्द्रित गर्ने ।
- प्राविधिक धारका कार्यक्रमहरूको सुधार र विस्तार गर्ने ।
- समयसापेक्ष बजारमुखी नयाँ विषयको अध्यापन शुरू गर्ने तथा विद्यमान पाठ्यक्रमलाई परिमार्जन गर्ने ।
- संगठनात्मक संरचनामा सुधार एवम् मानव संसाधनको क्षमतामा अभिवृद्धि गर्ने ।
- अनुगमन तथा नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने ।
- कार्यालयको कार्यविधि, प्रकृया, संस्थाको आचरण, अनुशासन, सञ्चार शैली र सीपको विकास सम्बन्धमा कार्यशाला गोष्ठी गर्ने ।
- प्रविधिमैत्री जनशक्तिको विकास गर्ने ।
- प्राज्ञिक उत्कृष्ट केन्द्रको रूपमा विश्वविद्यालयलाई विकास गर्ने ।

**विगत वर्षको आय-व्ययको समिक्षा :**

**सम्माननीय अध्यक्ष महोदय एवम् विद्वान सभासदज्यूहरु,**

आर्थिक वर्ष २०८१-०८२ को प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०७९-०८० को यथार्थ आय-व्यय र २०८०-०८१ को संशोधित आय-व्यय विवरण संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आव २०७९-०८० को त्रिविको यथार्थ केन्द्रीय आम्दानी रू.१९ अर्ब १७ करोड ८३ लाख ५७ हजार ४३७ र पैसा ५३ थियो भने सो वर्षको खर्च जम्मा रू.२० अर्ब ९७ करोड ३१ लाख २ ९ हजार ५३३ र पैसा १२ भएको देखिन्छ । उक्त आम्दानीमा नेपाल सरकारबाट प्राप्त एकमुष्ठ अनुदान रू.९ अर्ब ६६ करोड

९० लाख ३७ हजार थियो । प्रतिशतको हिसाबमा हेर्दा उक्त अनुदानको हिस्सा कूल केन्द्रीय आम्दानीको ५०.४२ प्रतिशत देखिन्छ । आर्थिक वर्ष २०८०-०८१ मा नियमित कार्यक्रममा रू.१३ अर्ब ९६ करोड ५४ लाख ९५ हजार सभाबाट स्वीकृत भएकोमा रू.१ अर्ब ४४ करोड ३३ लाख २९ हजार त्रिवि को आन्तरिक आम्दानीबाट पूर्ति गरिने र बाँकी रकम रू.१२ अर्ब ५२ करोड २१ लाख ६६ हजार विश्वविद्यालय अनुदान आयोग मार्फत् नेपाल सरकारबाट माग गरिएकोमा आव २०८०-०८१ मा अनुदान स्वरूप रू.१० अर्ब ८२ करोड ४३ लाख ४१ हजार प्राप्त भएको छ । हाल आव २०८०-०८१ को लेखापरीक्षण चलिरहेको हुँदा त्यसको एकीकृत वासलात आर्थिक वर्षको अन्त्यमा तयार भए पश्चात् आगामी वर्षमा प्रस्तुत गर्नेछु ।

**सम्माननीय अध्यक्ष महोदय तथा विद्वान सभासद्ज्यूहरु,**

अब म त्रिविले अङ्गिकार गरेको नीति तथा कार्यक्रम एवम् प्राथमिकताका आधारमा आर्थिक वर्ष २०८१-०८२ को प्रस्तावित आय-व्यय अनुमानलाई सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेट विनियोजनलाई नियमित कार्यक्रम, आन्तरिक कार्यक्रम र विकास कार्यक्रमका रूपमा प्रस्तुत गरेको छु । आव २०८१-०८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न स्वायत्ततामा गएका आठ वटा क्याम्पस समेत्को गरी रू.२६ अर्ब १६ करोड ८७ लाख ३५ हजारको बजेट प्रस्ताव गरेको छु । उक्त प्रस्तावित रकममा नियमित कार्यक्रमतर्फ चालु तथा पूँजीगत खर्च गरी जम्मा रू.१३ अर्ब ७१ करोड ९७ लाख ८७ हजार प्रस्ताव गरेको छु । आन्तरिकतर्फ चालु तथा पूँजीगत खर्च गरी जम्मा रू.११ अर्ब ३९ करोड ८९ लाख ४८ हजार र विकास कार्यक्रममा रू.१ अर्ब ५ करोड रकम प्रस्ताव गरेको छु । आगामी वर्षका लागि नियमित कार्यक्रममा हुने कुल खर्च रू.१३ अर्ब ७१ करोड ९७ लाख ८७ हजारमध्ये केन्द्रीय आन्तरिक आम्दानीबाट रू.१ अर्ब ५७ करोड ६१ लाख ७० हजार व्यहोर्ने र बाँकी रू.१२ अर्ब १४ करोड ३६ लाख १७ हजार विश्वविद्यालय अनुदान आयोग मार्फत् नेपाल सरकारसँग अनुदान माग गर्ने प्रस्ताव गरेको छु । नेपाल सरकारबाट आव २०८१-०८२ को चालु खर्चको लागि अनुदान रकम रू.११ अर्ब ३२ करोड ४३ लाख ४१ हजार छुट्याइएको छ । उक्त रकमको अवस्थालाई हेर्दा चालु वर्षमा नियमिततर्फ रू.८१ करोड ९२ लाख ७६ हजार न्यून हुने देखिन्छ । यो रकम नेपाल सरकारबाट प्राप्त हुन नसकेमा नियमित रूपमा सञ्चालित प्राज्ञिक एवम् अनुसन्धानात्मक क्रियाकलापमा छुट्याइएको रकम कटौती गर्नुपर्ने हुन्छ । यसबाट त्रिविको प्राज्ञिक एवम् अनुसन्धानात्मक क्रियाकलापमा समस्या उत्पन्न हुने हुनाले सो हुन नदिन उक्त अपुग बजेटको व्यवस्था मिलाई दिनुहुन सम्माननीय प्रधानमन्त्री एवम् त्रिविका कुलपतिज्यू समक्ष अनुरोध गर्दछु ।

जनशक्तिलाई प्रविधिमैत्री बनाउन तालिम, सेमिनार तथा गोष्ठीका लागि रू.१३ करोड ३६ लाख ७७ हजार विनियोजन गरेको छु । अनुसन्धान तथा विकासका लागि गत आर्थिक वर्ष क्याम्पस इकाइ, डीन कार्यालय र केन्द्रीय स्तरबाट छुट्याइएको रकम रू.४१ करोड ६१ लाख ८९ हजार भएकोमा यो वर्ष रू.५१ करोड ७४ लाख ६० हजार छुट्याएको छु । कूल बजेटको १.९८ प्रतिशत रकम अनुसन्धान कार्यमा खर्च गर्ने व्यवस्था मिलाएको छु । साथै यस वर्ष सूचना प्रविधि प्रशासनिक संयन्त्र व्यवस्थापनको लागि रू.४ करोड विनियोजन गरेको छु ।

आन्तरिक स्रोतबाट हुने आम्दानी रकम बजेटको सीमाभन्दा बढी खर्च गर्नुपरेमा सम्बन्धित निकायहरूले केन्द्रीय कार्यालयबाट अनिवार्य रूपमा स्वीकृत लिनुपर्ने व्यवस्था गरेको छु । त्रिभुवन विश्वविद्यालयको मुख्य आर्थिक स्रोत भनेको नेपाल सरकारको अनुदान भएकोले प्रस्ताव गरिएको बजेट विश्वविद्यालय अनुदान आयोगमार्फत् नेपाल सरकारबाट समयमै प्राप्त हुने विश्वास लिएको छु ।

**अध्यक्ष महोदय तथा विद्वान् सभासद्ज्यूहरु,**

बजेट तर्जुमाको क्रममा मैले यस सम्मानित सभासमक्ष पेश गरेको बजेटमा गहन छलफल गरी मार्गदर्शनको अपेक्षासहित् यस गरिमामय त्रिवि सभाका अध्यक्षज्यू तथा विद्वान सभासदज्यूहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । त्रिभुवन विश्वविद्यालयको नियमित कार्यक्रमको सञ्चालन तथा विकास खर्चका लागि अनुदान प्रदान गर्ने नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग र अन्तरराष्ट्रिय संघ-संस्थाहरूप्रति आभार व्यक्त गर्दछु । प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू र विश्वविद्यालयको योजना परिषद्का सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट छलफलका समयमा सहभागी भई सुझाव दिनु हुने डीनज्यूहरू, अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकज्यूहरू, क्याम्पस प्रमुखज्यूहरू, विभागीय प्रमुखज्यूहरू, महाशाखा प्रमुखज्यूहरू, कार्यालय प्रमुखज्यूहरू, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूलाई धन्यवाद दिन चाहन्छु । यसका अतिरिक्त बजेट निर्माणको क्रममा समितिमा रही महत्वपूर्ण सुझाव एवम् योगदान गर्नुहुने बजेट निर्माण समितिका सदस्यज्यूहरू तथा सम्बन्धित शाखाका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

अन्तमाः त्रिभुवन विश्वविद्यालयको आव २०८१-०८२ को कार्यक्रम तथा बजेट पारित गरी दिनुहुन विद्वान सभासद्ज्यूहरूसमक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

२०८१ श्रावण १५ गते मंगलबार

त्रिभुवन विश्वविद्यालय, स्मृति भवन, कीर्तिपुर, काठमाडौं

# त्रिभुवन विश्वविद्यालय सभाको साधारण बैठकमा सम्माननीय प्रधानमन्त्री, त्रिविका कुलपति एवम् त्रिवि सभाका अध्यक्ष श्री के.पी. शर्मा ओलीज्यूको सम्बोधन

**त्रिवि सभाका उपाध्यक्ष एवम् त्रिविका सहकुलपति, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईज्यू,**
**त्रिविका उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू, रजिष्ट्रारज्यू,**
**त्रिवि सभाका सम्पूर्ण विद्वान् सभासद्ज्यूहरु,**

त्रिभुवन विश्वविद्यालय सभाको साधारण बैठकको शुभअवसरमा त्रिविका कुलपति तथा त्रिवि सभाको अध्यक्षको रूपमा सहभागी हुँदा गौरवान्वीत महशुस भएको छ । यस अवसरमा म त्रिवि परिवारलाई हार्दिक धन्यवाद एवम् शुभकामना व्यक्त गर्न चाहन्छु साथै विद्वान् सभासद्ज्यूहरूबाट बैठकमा प्रस्तुत विश्वविद्यालयको निर्धारित मापदण्ड पूरा गरी तोकिएका परीक्षा उत्तीर्ण गरी ट्रान्सक्रिप्ट समेत् लिइसकेका विद्यार्थीहरूको ६२ औं ग्रेसलिष्ट, त्रिविको आव २०८१-०८२ को प्रस्तावित वार्षिक बजेट, नीति तथा कार्यक्रममाथि आवश्यक छलफल गरी पारित गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

नेपालको सबैभन्दा पुरानो र ठूलो यो विश्वविद्यालयबाट उत्पादित जनशक्ति देशको राजनीति, निजामति, जङ्गी, न्याय, प्रशासन, शिक्षा, व्यापार व्यवसाय लगायत् सम्पूर्ण क्षेत्रमा महत्वपूर्ण भूमिकामा संलग्न रही आएको वास्तविकता जगजाहेर नै छ। यसै सन्दर्भमा नेपाल सरकारको प्रधानमन्त्रीको हैसियतमा रहँदा विश्वविद्यालयको वर्तमान नेतृत्व, प्राध्यापक, कर्मचारी तथा विद्यार्थी प्रतिनिधिहरूसँगको औपचारिक तथा अनौपचारिक भेटघाट, छलफल तथा बैठकहरुमा सहभागी हुँदा मलाई विश्वविद्यालय सञ्चालनको विविध पक्ष र यसले भोगेका समस्याहरूबारे जानकारी प्राप्त भएकै छ। यसकै आधारमा त्रिविको नीतिगत लगायत् विविध पक्षमा गर्नु पर्ने परिवर्तन तथा सुधारको पक्षमा अगाडि बढ्न त्रिविको नेतृत्वलाई सल्लाह र निर्देशन दिन चाहन्छु ।

विश्वविद्यालयलाई समय सापेक्ष रूपमा प्रभावकारी बनाउँदै राष्ट्रका लागि आवश्यक दक्ष जनशक्ति उत्पादनमा निरन्तर क्रियाशील तुल्याउनु आजको आवश्यकता हो । तर समग्र देशसँगै आज विश्वविद्यालय पनि विषम परिस्थितिबाट गुज्रिरहेको छ। यसका साथै भौतिक संरचना निर्माण, प्रयोगशाला, पुस्तकालय जस्ता सुविधा उपलब्ध गराउन आवश्यक आर्थिक श्रोतको अभाव यसले भेलिरहेको विषय पनि मेरो जानकारीमा छ। यी समस्या समाधानका लागि नेपाल सरकारका तर्फबाट आवश्यक नीति निर्माणदेखि स्रोतसाधनको व्यवस्थापन समेत् उपलब्ध गराउन अधिकतम प्रयास गर्ने विश्वास दिलाउन चाहन्छु ।

**विद्वान सभासदहरु,**

राष्ट्रको इतिहास र सँस्कृतिसँग सम्बन्धित विषयवस्तुलाई जोगाई राख्ने दायित्वसँगै विश्व परिवेशमा सिर्जित नयाँ ज्ञान र प्रविधि भित्र्याउने दायित्व पनि त्रिविलाई छ। यो बृहत् भूमिका निर्वाह गर्दै अझै पनि उच्च शिक्षाको क्षेत्रमा राष्ट्रको ८० प्रतिशतभन्दा बढी विद्यार्थी भार लिएर निरन्तर क्रियाशील रहनु पर्दा शिक्षण विश्वविद्यालयबाट अनुसन्धान प्रधान विश्वविद्यालयतर्फ रूपान्तरण गर्नु आजको प्रमुख कार्यभार हो । यस कार्यमा पनि विश्वविद्यालयलाई सफलता प्राप्त होस् भन्ने शुभकामना यस अवसरमा दिन चाहन्छु ।

विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक कार्यका विविध पक्षलाई मैले नजिकबाट हेरिरहेको छु। विभिन्न माध्यमहरूबाट विश्वविद्यालयको वर्तमान गतिविधिबारे मैले आवश्यक जानकारी हासिल गर्ने गरेको छु। विश्वविद्यालयका के कस्ता समस्याहरू छन् र ती समस्याहरू कसरी उत्पन्न भएका छन् । साथै ती समस्या समाधानका लागि विश्वविद्यालयका पदाधिकारीहरू लगायत् सरोकारवाला विभिन्न पक्षहरूसँग घनिभूत छलफलमा हामी छौं। सबैको प्रयासलाई एकीकृत र संयोजित ढङ्गले अघि बढाएर समस्या समाधान र चुनौतीहरूको सामना गर्नुपर्छ भन्नेकुरामा म स्पष्ट छु । साथै विश्वविद्यालयका समस्या समाधानका लागि विद्यार्थी, शिक्षक, कर्मचारीका प्रतिनिधि तथा पदाधिकारीहरूसँग भएका छलफलका आधारमा विश्वविद्यालयको उन्नति र विकासका लागि नेपाल सरकारका तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि यस अवसरमा व्यक्त गर्न चाहन्छु । आज मूलतः विश्वविद्यालयको पूनरसंरचनाको विषय, पुराना पाठ्यक्रमहरूलाई समयसापेक्ष रूपमा परिमार्जन गर्ने विषय, विश्वविद्यालयको अध्ययन-अध्यापनलाई अनुसन्धानमूलक एवम् प्रविधिमैत्री बनाउने विषय, ठूलो सङ्ख्यामा विद्यार्थीहरू उच्चशिक्षाका लागि विदेशिने क्रमलाई देशमा नै अवसर प्रदान गरी रोक्नु पर्ने विषय, विश्वविद्यालयमा विगतमा सेवा आयोगबाट लिइएका परीक्षाहरूको नतिजा प्रकाशन गर्ने र शिक्षक-कर्मचारीका रिक्त दरबन्दीमा नयाँ भर्नाका लागि विज्ञापन गरी जनशक्ति अभाव पूर्ति गर्ने विषय, विश्वविद्यालय सेवामा प्रवेश गरिसकेका जनशक्तिलाई क्षमता अभिवृद्धि र अनुसन्धानको

अवसर प्रदान गर्दै टिकाइराख्ने विषय अहिलेका हाम्रा ज्वलन्त विषय हुन् । यी विषयमा के-कति काम भएका छन् भन्ने समीक्षा गर्न पनि जरूरी छ । यदि सुधारको गति सुस्त छ भने यसलाई तिब्रता दिन आ-आफ्नो ठाउँबाट पहल गर्न सबैलाई आग्रह गर्दछु ।

**विद्वान् सभासदज्यूहरु,**

आज विगतमा स्थगित भएको त्रिवि सभाको बैठक बसी त्रिविको आव २०८१-०८२ को प्रस्तावित बजेट, नीति तथा कार्यक्रममाथि समेत् छलफल गरी पारित गर्नुपर्ने यस सभाको महत्वपूर्ण दायित्व छ। यस अवसरमा म समय र परिस्थिति अनुकूल विश्वविद्यालयबाट सञ्चालित उच्चशिक्षालाई विश्व परिवेश अनुकूल गराउन तथा गुणात्मक रुपले प्रतिस्पर्धी विद्यार्थी उत्पादन होऊन् र ती विद्यार्थीहरूले विश्व बजारमा उचित स्थान प्राप्त गर्न सकुन् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु। हरेक वर्ष बढ्दो क्रममा उच्चशिक्षा अध्ययनका लागि विदेशिने विद्यार्थीहरूलाई उनीहरूको रूचिअनुसार देशमा नै उच्चशिक्षा अध्ययन गर्न पाउने कार्यक्रमहरू ल्याउने र विदेशिनबाट रोक्न देशको सबैभन्दा ठूलो विश्वविद्यालयको हैसियतमा त्रिविलाई विशेष आग्रह गर्न चाहन्छु। साथै त्यसका लागि शैक्षिक पात्रो बनाई कार्यान्वयन गर्नेतर्फ अघि बढेको, समकक्षता सम्बन्धी नीति परिवर्तन कार्यदल गठन भई प्रतिवेदन प्राप्त भइसकेको, विनियम मार्फत् सरल र विश्वासिलो समकक्षता नीति निर्माण गरी कार्यान्वयन गर्न लागिएको, अनुसन्धान सम्बन्धी कार्यविधि र विद्यावारिधि मापदण्डबारे नीति पुनरावलोकन भइरहेको, Incubation Center मार्फत् विद्यार्थीहरूका लागि Start up परियोजना शुरू गर्न लागेको, विश्वका विभिन्न विश्वविद्यालयमा विद्यावारिधि गरी अध्यापन, अनुसन्धान गराइरहेका सक्षम नेपालीहरूलाई विश्वविद्यालय सेवामा ल्याउन विश्व बैंकको सहयोगमा Fast Track मा दरवन्दी श्रृजना गर्न लागेको कुराले खुशी तुल्याएको छ । यस अवसरमा उपकुलपतिज्यूले आफ्नो स्वागत मन्तव्यका क्रममा उठाउनु भएको तथ्य तथा बुँदाहरूलाई मैले सकारात्मक रूपमा लिएको छु। यसका लागि सरकारका तर्फबाट गर्न सकिने सहयोगका लागि म सदैव अग्रसर रहनेछु। साथै मुलुकको जेठो तथा ठूलो विश्वविद्यालय भएका हैसियतले यस विश्वविद्यालयको पछिल्लो समयमा मुलुकमा बहुविश्वविद्यालयको अवधारणाअनुसार स्थापित अन्य विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूलाई समेत पठन-पाठन तथा अनुसन्धान कार्यमा नेतृत्व तथा मार्ग निर्देशन गर्नुपर्ने दायित्व भएको कुरा पनि स्मरण गराउन चाहन्छु। नियम परिमार्जन कार्य हिउँदे अधिवेशन मार्फत् हुने कुरा यहाँहरूलाई जानकारी गराउन चहान्छु ।

अन्त्यमा,

त्रिविलाई विविध किसिमले आवश्यक सहयोग गरी आजको स्थितिसम्म विकसित गर्न योगदान पुऱ्याउनु हुने सम्पूर्ण प्राज्ञजनहरू, प्राध्यापक, कर्मचारी, अभिभावक, विद्यार्थी, जग्गादाता, सञ्चारकर्मी लगायत् सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै त्रिवि सभाको आजको यस गरिमामय बैठकबाट त्रिविको ६२ औं ग्रेसलिष्ट पारित भई उपाधि प्राप्त गर्नुहुने सबै उम्मेदवारहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

धन्यवाद ।

# त्रिभुवन विश्वविद्यालय सभाको साधारण बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवम् विश्वविद्यालयका सहकुलपति विद्या भट्टराईज्यूको सम्बोधन मन्तव्य

**त्रिवि सभाका सभाध्यक्ष सम्माननीय प्रधानमन्त्री एवम् त्रिविका कुलपतिज्यू,**
**त्रिविका उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू, रजिष्ट्रारज्यू**
**त्रिवि सभाका सम्पूर्ण विद्वान् सभासदज्यूहरु,**

लामो समयसम्म आफू पनि प्रत्यक्ष रूपमा संलग्न रहेको यस विश्वविद्यालयको आज सम्पन्न हुन गइरहेको त्रिभुवन विश्वविद्यालय सभाको साधारण बैठकमा सहकुलपति तथा त्रिवि सभाको उपाध्यक्षको रूपमा सहभागी हुन पाउँदा निकै हर्षित भएको छु। सर्वप्रथम यस अवसरमा म त्रिवि परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु साथै विद्वान् सभासद्ज्यूहरूबाट बैठकमा प्रस्तुत विश्वविद्यालयको विभिन्न अध्ययन संस्थान तथा सङ्कायका निर्धारित मापदण्ड पूरा गरी तोकिएका परीक्षा समेत उत्तीर्ण गरेका विद्यार्थीहरूको ६२ औं ग्रेसलिष्ट, त्रिभुवन विश्वविद्यालयको आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रम एवम् आव २०८१-०८२ को प्रस्तावित वार्षिक बजेटमाथि आवश्यक छलफल गरी पारित गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

**विद्वान सभासदहरु,**

विभिन्न आरोह-अवरोहसहित् ६ दशक भन्दा लामो समय त्रिभुवन विश्वविद्यालयले राष्ट्र निर्माणका लागि आवश्यक प्रशासनिक एवम् प्राविधिक जनशक्ति उत्पादन गरी आपूर्ति गर्न सफल

भएको छ। यी र यस्ता उपलब्धि हासिल गर्न सकेकोमा म विश्वविद्यालयको प्रशंसा गर्दछु ।

विगतमा त्रिभुवन विश्वविद्यालयका चारवटा अनुसन्धान केन्द्रहरू निकै सक्रिय थिए र राष्ट्रिय जीवनका शिक्षा, प्रशासन, विज्ञान तथा प्रविधि, अर्थतन्त्र, इतिहास तथा सँस्कृति लगायत्का क्षेत्रमा उल्लेखनीय अनुसन्धान गर्न र तिनको प्रभाव देशव्यापी रूपमा फैलाउन सफल थिए । यद्यपि हाल विभिन्न कारणले यी अनुसन्धान केन्द्रहरू अपेक्षाकृत प्रभावकारी हुन सकेका छैनन् । तर अब नेपाल सरकारले यी चारै अनुसन्धान केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विश्वविद्यालय अनुदान आयोग मार्फत् थप बजेट समेत् विनियोजन गर्ने र नेपाल सरकारका विभिन्न अनुसन्धानहरूलाई समेत् विश्वविद्यालयका यिनै अनुसन्धान केन्द्रहरू मार्फत् गर्ने नीति अख्तियार गर्ने र आगामी दिनमा यी केन्द्रहरूलाई नेपाल सरकारको Think Tank को रूपमा विकास गर्नुपर्ने आवश्यकता देखिएको छ। आगामी दिनमा यसका लागि समेत प्रयत्न अगाडि बढाइनेछ । नेपाल आज प्रतिभा पलायन (Brain Drain)को समस्याले आक्रान्त छ। रोजगारीका अलावा उच्चशिक्षा आर्जनका लागि समेत् हरेक वर्ष ठूलो सङ्ख्यामा नेपाली युवा विद्यार्थीहरू नेपाल छाडेर तेस्रो मुलुक जाने गर्दछन् । तिनलाई स्वदेशमा नै उनीहरूको मागअनुसार उच्चशिक्षाको व्यवस्था गर्न पनि हाम्रो ध्यान जानु आवश्यक छ। यसका लागि हामीले हाम्रा शैक्षिक कार्यक्रमहरूलाई समयानुकूल परिमार्जन र परिवर्तन गर्नु आवश्यक छ । यसका साथै विश्वविद्यालयले शैक्षिक क्यालेण्डर (Academic Calendar) बनाई कडाइका साथ लागू गर्ने,समयमा परीक्षा गर्ने र परीक्षाको नतिजा समयमै प्रकाशन गर्ने गरेमा विद्यार्थी बहिर्गमनको सङ्ख्यामा कमी आउने अपेक्षा गर्न सकिन्छ । यसतर्फ त्रिवि नेतृत्व र प्रशासनको ध्यान पुग्नु जरूरी छ ।

विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक कार्यका विविध पक्षलाई मैले नजिकबाट हेरिरहेको छु। विगतमा लामो समय यसै विश्वविद्यालयसँग प्रत्यक्ष संलग्न हुँदा विश्वविद्यालयको अवस्था र गतिविधिबारे मैले प्रत्यक्ष रूपमा धेरै कुरा अनुभूत गरेको छु र हाल देशको सांसद र मन्त्री हुँदा पनि विभिन्न माध्यमहरूबाट विश्वविद्यालयको वर्तमान गतिविधिबारे मैले आवश्यक जानकारी हासील गर्ने गरेको छु । विश्वविद्यालयका के-कस्ता समस्याहरू छन् र ती समस्याहरू कसरी उत्पन्न भएका छन् । साथै ती समस्या समाधानका लागि विश्वविद्यालयका पदाधिकारीज्यूहरू लगायत् सरोकारवाला विभिन्न पक्षहरूसँग घनिभूत छलफलमा हामी छौं । सबैको प्रयासलाई एकीकृत र संयोजित ढङ्गले अघि बढाएर समस्या समाधान र चुनौतीहरूको सामना गर्नुपर्छ भन्नेमा म स्पष्ट छु । भनिन्छ, कुनै पनि मुलुको राजनैतिक नेतृत्व कस्तो छ भन्ने कुरा त्यहाँको विश्वविद्यालयको प्राज्ञिक स्तरले देखाउँछ। विश्वविद्यालय देशको नेतृत्व तयार गर्ने प्राज्ञिक स्थल भएकोले हाम्रा राजनीतिक विचार र दर्शनलाई विश्वविद्यालयको गुणस्तर सुधारको बहसमा लगाउनु पर्दछ। अहिले नै पनि सभाको यो बैठकले परित गर्ने नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा समस्याहरू आउन सक्छन्। यस्तो अवस्थामा फरक-फरक राजनैतिक विचार र दृष्टिकोणहरूको सिर्जनात्मक प्रयोग गर्दै आपसी छलफल र सहमतिमा समस्या समाधानका वैकल्पिक उपयहरूको खोजी गर्ने संस्कृतिको विकास गर्नुपर्ने आवश्यक भएको छ। विश्वविद्यालयका समस्या समाधानका लागि विद्यार्थी, शिक्षक, कर्मचारीका प्रतिनिधिहरू तथा पदाधिकारीहरूसँग भएका छलफलका आधारमा विश्वविद्यालयको उन्नति र विकासका लागि नेपाल सरकारका तर्फबाट सहकुलपतिका हैसियतले आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि यस अवसरमा व्यक्त गर्न चाहन्छु ।

**विद्वान सभासद्ज्यूहरु,**

समय र परिस्थिति अनुकूल विश्वविद्यालयबाट सञ्चालित उच्चशिक्षालाई विश्व परिवेशमा स्तरीय तथा विद्यार्थीहरूलाई प्रतिस्पर्धी बनाउन जरूरी छ । विज्ञान तथा प्रविधि शिक्षामा विशेष जोड दिने, सुशासन प्रबर्द्धन गर्ने, नवप्रबर्तनमा जोड दिने लगायत्का विषयमा पनि विश्वविद्यालयले ध्यान दिनु जरूरी छ। यसमा विशेषतः विश्वविद्यालयको नेतृत्वमा रहनुहुने पदाधिकारीहरूले आफ्नो क्षमता प्रदर्शन गर्नुहुने अपेक्षा लिएको छु ।

**अन्त्यमा,**

विगतदेखि वर्तमानसम्म त्रिभुवन विश्वविद्यालयलाई आवश्यक सहयोग गरी आजको अवस्थासम्म विकसित गर्न योगदान गर्नुहुने सम्पूर्ण पदाधिकारीहरू, प्रध्यापक, कर्मचारी, अभिभावक, विद्यार्थी, जग्गा दाता, सञ्चारकर्मी लगायत् सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आज हामी ६ दशकभन्दा लामो अनुभव भएको विश्वविद्यालयको गरिमामय सभाको बैठकमा उपस्थित भैरहेका छौं । म यस अवसरमा विश्वविद्यालयको सहकुलपतिको हैसियतले विश्वविद्यालयको प्राज्ञिक उन्नयन र विकास लगायत् यसको समग्र विकास र विस्तारमा हालसम्म विभिन्न भूमिकामा रही योगदान गर्नुहुने प्राध्यापक, शिक्षक, शिक्षाविद्, पदाधिकारी, कर्मचारी, विद्यार्थी, शोधकर्ता, अनुसन्धानकर्ता, अभिभावक, दाता लगायत् सबैलाई धन्यवाद दिन चाहन्छु। साथै भविष्यमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र विश्वविद्यालयको संस्थागत विकास एवम् सुधार गर्न यस विश्वविद्यालय र यहाँ संलग्न सबैलाई प्रेरणा र उत्साह प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| डा. भिमसेन देवकोटा | प्राध्यापक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८१।०४।०१ |
| श्री रामबहादुर थापा | उप-प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, दाङ्ग | २०८१।०४।०१ |
| श्री बुद्धगोपाल श्रेष्ठ | शाखा अधिकृत | बुटवल बहुमुखी क्याम्पस, बुटवल | २०८१।०४।०२ |
| श्री कमलापति भट्ट | कार्यालय सहयोगी | सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर | २०८१।०४।०२ |
| श्री प्रतिज्ञा कुमारी रेग्मी | उप-प्राध्यापक | महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस, विराटनगर | २०८१।०४।०४ |
| श्री वाम देव झा | सह-प्राध्यापक | त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघर | २०८१।०४।०६ |
| श्री शम्भुराम जोशी | उप-प्राध्यापक | रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८१।०४।०६ |
| श्री सुर्यकुमार न्यौपाने | उप-प्राध्यापक | अमृत क्याम्पस, लैनचौर | २०८१।०४।०७ |
| श्री चन्द्रप्रसाद न्यौपाने | कार्यालय सहयोगी | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर | २०८१।०४।०९ |
| डा. भीमराज सुवाल | सह-प्राध्यापक | जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।०४।१० |
| श्री रमेश अमात्य | सह-प्राध्यापक | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | २०८१।०४।१० |
| श्री हिमलाल पुरी | सह-प्राध्यापक | सानोठिमी क्याम्पस, सानोठिमी | २०८१।०४।१२ |
| श्री पवनकुमार श्रेष्ठ | मुख्य कार्यालय सहायक | रसायनशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।०४।१२ |
| श्री माधवप्रसाद घिमिरे | उप-प्रशासक | नेपाल कमर्श क्याम्पस, मीनभवन | २०८१।०४।१५ |
| श्री तारा नाथ बराल | प्राविधिक अधिकृत | पोखरा क्याम्पस, पोखरा | २०८१।०४।१५ |
| श्री जितबहादुर रावल | ल्याब ब्वाय | त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा | २०८१।०४।१५ |
| श्री कल्पना कार्की | मुख्य लेखा सहायक | पब्लिक युथ क्याम्पस, धोबिचौर | २०८१।०४।१५ |
| श्री केशवलाल श्रेष्ठ | शाखा अधिकृत | प्राकृतिक विज्ञान सङ्ग्रहालय | २०८१।०४।१७ |
| श्री कृष्णप्रसाद पराजुली | दक्ष मिस्त्री | त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघर | २०८१।०४।१९ |
| श्री रविराज बराल | सह-प्राध्यापक | पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा | २०८१।०४।२० |
| प्रा.डा. शशीधर राम जोशी | प्राध्यापक | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।०४।२२ |
| श्री कृष्णप्रसाद भण्डारी | सह-प्राध्यापक | नेपाली केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।०४।२४ |
| श्री मन्जु थापा | मुख्य का. सहायक | वीरगञ्ज नर्सिङ्ग क्याम्पस, वीरगञ्ज | २०८१।०४।२५ |
| श्री बैकुण्ठप्रसाद थपलिया | प्रशासक | त्रिवि सभा तथा कार्यकारी परिषद्को सचिवालय | २०८१।०४।२६ |
| श्री मञ्जु श्रेष्ठ | सह-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८१।०४।२७ |
| श्री लीला देवी तामाङ्ग | सि. वार्ड सेवक | ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज | २०८१।०४।२७ |
| डा. सुशिलकुमार यादव | सह-प्राध्यापक | रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुर | २०८१।०४।२९ |
| डा. जीवलाल बस्याल | सह-प्राध्यापक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८१।०४।२९ |
| श्री कौशिला कुमाल | कार्यालय सहयोगी | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर | २०८१।०४।२९ |
| श्री चन्देश्वरप्रसाद मण्डल | सह-प्राध्यापक | रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुर | २०८१।०४।३० |
| श्री बुद्धि महर्जन | सि. फिल्ड म्यान | सामान्य प्रशासन महाशाखा, कीर्तिपुर | २०८१।०४।३० |
| श्री रामेश्वरमान बजिमय | सह-प्राध्यापक | त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा | २०८१।०५।०१ |

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| श्री रामसेवक मण्डल | कार्यालय सहयोगी | रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुर | २०८१।०५।०१ |
| श्री रामलाल तामाङ् | उप-प्राध्यापक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८१।०५।०४ |
| प्रा.डा. नवराज देवकोटा | प्राध्यापक | रामपुर क्याम्पस, खैरहनी, चितवन | २०८१।०५।०६ |
| श्री बलराम ढुंगाना | वरिष्ठ ल्याब ब्वाय | पोखरा क्याम्पस, पोखरा | २०८१।०५।०७ |
| श्री नन्द महर्जन | सि. फिल्ड म्यान | सेवा आयोगको कार्यालय, कीर्तिपुर | २०८१।०५।०८ |
| श्री दिलीपकुमार नकर्मी | उप-प्राध्यापक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८१।०५।१० |
| श्री कृष्णबहादुर सुयल क्षेत्री | कार्यालय सहयोगी | पोखरा क्याम्पस, पोखरा | २०८१।०५।१० |
| श्री महेन्द्रबहादुर थापा | सि. फिल्ड म्यान | लमजुङ् क्याम्पस, सुन्दरबजार | २०८१।०५।१२ |
| श्री कृष्णबहादुर श्रेष्ठ | सिनियर पियन | ललितकला क्याम्पस, कीर्तिपुर | २०८१।०५।१२ |
| श्री कुमार के.सी. | उप-प्रशासक | आयूर्वेद क्याम्पस, कीर्तिपुर | २०८१।०५।१३ |
| श्री अग्निधर पराजुली | सह-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८१।०५।१४ |
| श्री उपमाकुमारी अधिकारी | उप-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८१।०५।१५ |
| श्री रेखा के.सी. | उप-प्रशासक | शंकर देव क्याम्पस, पुतलीसडक | २०८१।०५।१५ |
| श्री गौतम थापा | टेलिफोन टेक्निसियन | भौतिक शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।०५।१५ |
| श्री केशबहादुर राई | उप-प्राध्यापक | महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम | २०८१।०५।१६ |
| श्री राजेन्द्र गौतम | सह-प्राध्यापक | त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघर | २०८१।०५।१७ |
| श्री ज्ञानुकुमारी गुरूङ् | नर्सिङ् सुपरभाईजर | शिक्षण अस्पताल, महाराजगञ्ज | २०८१।०५।१७ |
| श्री बाल कृष्ण श्रेष्ठ | सि. पियन | अमृत क्याम्पस, ठमेल | २०८१।०५।१७ |
| श्री हेमचन्द्र भण्डारी | उप-प्राध्यापक | रत्नराज्य लक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८१।०५।२१ |
| श्री नारायणप्रसाद भट्टराई | सि. ल्याब ब्वाय | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर | २०८१।०५।२२ |
| श्री वीरबहादुर लिम्बु | कार्यालय सहयोगी | महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम | २०८१।०५।२३ |
| श्री रमेश सिग्देल | उप-प्राध्यापक | जनस्वास्थ्य केन्द्रीय विभाग, महाराजगञ्ज | २०८१।०५।२५ |
| श्री रामबहादुर कर्माचार्य | शाखा अधिकृत | परीक्षा नियन्त्रण कार्यालय, बल्खु | २०८१।०५।२५ |
| श्री सुनिता दाहाल (रेग्मी) | सह-प्राध्यापक | महेन्द्र मोरङ् आदर्श बहुमुखी क्याम्पस, विराटनगर | २०८१।०५।२७ |
| श्री शिवकुमार श्रेष्ठ | कार्यालय सहयोगी | धवलागिरि बहुमुखी क्याम्पस, धवलागिरि | २०८१।०५।२८ |
| प्रा.डा. कुशुम शाक्य | प्राध्यापक | मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डीनको कार्यालय | २०८१।०५।२९ |

प्रकाशक : त्रिभुवन विश्वविद्यालय, सूचना तथा जनसम्पर्क महाशाखा, कीर्तिपुर, फोन नं. ४३३०३४६
इमेल : info@tu.edu.np
वेबसाइट : www.tu.edu.np
सम्पादक : भीम बहादुर श्रेष्ठ
सम्वाददाता : कृष्णप्रसाद वस्ताकोटी
कम्प्युटर डिजाइन : सरोज महर्जन
मुद्रक : त्रिवि छापाखाना, कीर्तिपुर